दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

बिपद्को पूर्व तयारी गरौं।

**भूकम्प, बाढी, पहिरो, डुबान, आगलागी, हावाहुरी, चट्याङजस्ता बिपद्जन्य जोखिमबाट जोगिनः**

- घर निर्माण गर्दा प्राविधिक मापदण्ड पालना गरौं,
-जोखिमयुक्त ठाउँमा बसोबास नगरी सुरक्षित स्थान रोजौं,
-आपतकालीन सामग्री (खानेपानी, औषधि, टर्च, कागजात आदि) सधैं तयार राखौं,
- विद्यालय, कार्यालय र समुदायमा बिपद् व्यवस्थापन योजना बनाऔं,
-अफवाह नफैलाऔं - आधिकारिक जानकारीमा मात्र भर परौं।

**बिपद् रोक्न सकिँदैन, पूर्व तयारी गरे क्षति घटाउन सकिन्छ।**

नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष ३७ | अंक २९१ | बुटवल | २०८२ कात्तिक १५ गते, शनिबार | नेपाल संवत ११४६ | Saturday November 01, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## ओली र लेखकको स्थानहद कायमै रहने

बुटवल। निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रमेश लेखकलाई सरकारको अनुमतीबिना काठमाडौं उपत्यका बाहिर जान नपाउने गरी सरकारले स्थानहद तोकेकोविरुद्ध परेको रिट निवेदनमा सर्वोच्च अदालतले अन्तरिम आदेश दिन अस्वीकार गरेको छ।

न्यायाधीश नृपध्वज निरौलाको इजलासले उनीहरूलाई स्थानहद तोक्नुको कारण पेश गर्न सरकार र जाँचबुझ आयोगको नाममा आदेश जारी गरेको हो।

अधिवक्ता डा. प्रेमराज सिलवालले ओली र लेखकलाई स्थानहद तोक्नु कानुनविपरीत हुने भन्दै सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरेका थिए।

जेनजी आन्दोलनमा भएको दमन र भोलीपल्टको आगजनीबारे जाँचबुझ गर्न गठन भएको आयोगको सिफारिसमा सरकारले ओली, लेखक र काठमाडौंका तत्कालिन प्रमुख जिल्ला अधिकारी छविराज रिजाललाई अनुमतीबिना काठमाडौं उपत्यका छाड्न नदिने निर्णय गरेको थियो।

तत्कालिन गृहसचिव गोकर्णमणि दुवाडीमाथि पनि त्यस्तै निर्णय भए पनि सरकारी कामकाजका लागि उनी बाहिर जानुपर्ने भन्दै सरकारले स्थानहद फुकुवा गरेको थियो। एमाले अध्यक्ष ओलीले गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगले गरेको स्थानहदको निर्णय नमान्ने चुनौति दिँदै आएका छन्।

## अध्यक्ष फुल्लेललाई मातृशोक



बुटवल। यातायात मजदुर तथा व्यवसायी भलाइ कोषका अध्यक्ष एवं नेकपा एमाले रुपन्देही जिल्ला कमिटी सचिवालय सदस्य दिनेश फुल्लेल फुल्लेललाई मातृ शोक परेको छ। फुल्लेलकी आमा कमला फुल्लेलको कार्तिक १४ गते निधन भएको हो।

२००३ साल भदौ १७ गते जन्मेकी कमला अर्घाखाँची जिल्ला छत्रदेव गाउँपालिका वडा नं. ८ खस्कोट घर भई हाल तिलोत्तमा शंकरनगर बस्दै आएकी थिइन्।

## मलेसियाको रोजगारीबारे प्रधानमन्त्रीले गरिन् छलफल

बुटवल। प्रधानमन्त्री सुशीला कार्कीले मलेसिया सरकारले जारी गरेको १० बुँदे मापदण्डका विषयमा छलफल अघि बढाएकी छिन्।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको समेत जिम्मेवारी सम्हालेकी प्रधानमन्त्री कार्कीले मापदण्डबारे शुक्रबार श्रम, अर्थ, परराष्ट्र र कानुन मन्त्रालयका अधिकारीहरूसँग छलफल गरेकी हुन्।

छलफलमा अर्थमन्त्री रामेश्वर खनाल, कानुनमन्त्री अनिलकुमार सिन्हा, मुख्यसचिव एकनारायण अर्याल, श्रम सचिव कृष्णहरि पुष्करलगायत सरोकारवाला निकायका उच्च अधिकारी उपस्थित थिए।

छलफलपछि मलेसियाले पठाएको १० बुँदे मापदण्ड प्रस्तावमात्र भएको, तर यो नै अन्तिम नभएको निष्कर्ष निकालिएको छ। द्विपक्षीय वार्ताका माध्यमबाट नेपाली श्रमिक र व्यवसायी दुवैको अधिकतम हित हुने गरी मर्यादित र सुरक्षित रोजगारी सुनिश्चित गर्ने निष्कर्ष निकालिएको हो।

मलेसियाले नेपाल, भारत, बंगालादेश, पाकिस्तान र म्यानमारका म्यानपावर व्यवसायीहरूका लागि १० बुँदे नयाँ मापदण्ड बनाएको छ। जसमा इजाजतपत्र लिएको कम्तीमा पाँच वर्ष भएको हुनुपर्ने, विगत तीन वर्षमा ३ हजार श्रमिक पठाएको रेकर्ड हुनुपर्ने, कम्तीमा तीन देशमा श्रमिक पठाएको अनुभव हुनुपर्ने, कम्तीमा १० हजार वर्गफिट स्थायी कार्यालय रहेको र तीन वर्षदेखि सञ्चालनमा रहेको हुनुपर्नेलगायत छन्।

## विप्लवको पार्टी फुट्यो

बुटवल। नेत्रविक्रम चन्द विप्लव नेतृत्वको पार्टीका एउटा पक्ष माओवादी केन्द्रसहितको एकताको पक्षमा उभिएको छ।

चिरन पुनको नेतृत्वमा छुट्टै भेला गरेर समाजवादी मोर्चामा रहेका दलहरूबिचको एकताको पक्षमा उभिने निर्णय भएको हो। आफूहरू समाजवादी मोर्चामा रहेका दलहरूको एकताको पक्षमा उभिएको पुनले बताए।

उनका अनुसार १४५ जना केन्द्रीय सदस्यमध्ये ७५ जना केन्द्रीय सदस्य समाजवादी मोर्चामा रहेको दाबी गरे।

एकताको पक्षमा भएका नेताहरूको शुक्रबार छुट्टै भेला बसेको थियो। जसले विप्लवलाई छिट्टै एकतामा आउन आह्वान गर्दै एकताको पक्षमा उभिने निर्णय गरेको छ।

विप्लव भने कम्युनिस्ट पार्टी नेपाल नामक दल दर्ताको लागि निर्वाचन आयोग पुगेका छन्।

विप्लवले तत्काल माओवादीसहितको एकता प्रक्रियामा सहभागी नहुने संकेत दिएपछि एकताको पक्षमा रहेकाहरूले छुट्टै भेला गरेर एकताको पक्षमा उभिने निर्णय लिएको हो। शनिबार (आज) पत्रकार सम्मेलन गरेर विस्तृत जानकारी दिइने पुनले बताए।

# चुनावमा जानुको विकल्प छैन : दलहरू



बुटवल। विभिन्न दलका नेताहरुले मुलुकलाई निकास दिन चुनावमा जानुको विकल्प नभएकोमा जोड दिएका छन्। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले मुलुकको समसामयिक अवस्था र निकासबारे गरेको अन्तरक्रियामा नेताहरुले यस्तो बताएका हुन्।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उपसभापति डा. स्वर्णिम वाग्लेले जेनजी आन्दोलनका उपलब्धिलाई संस्थागत गर्दै अघि बढ्नुपर्ने बताएका छन्।

उनले जेनजी आन्दोलनले सबै राजनीतिक दलहरूमा रुपान्तरणको चाप बढाएको बताउँदै त्यसलाईं संस्थागत गर्दै अघि बढ्नुको विकल्प नरहेको बताए।

मुलुकमा भएका परिवर्तनलाई वैधता दिन पनि निर्वाचनमा जानुको विकल्प नरहेको उनको भनाइ छ।

विगतमा भएको आन्दोलनको उपलब्धिलाई जोगाउँदै नयाँ उपलब्धिलाई संस्थागत गर्न र मुलुकलाई सुशासनको पक्षमा लैजान पनि निर्वाचनमा जानुपर्ने उनले बताए।

उनले भने-'पछिल्लो आन्दोलनको उपलब्धिलाई संस्थागत गर्दै अघि बढ्नुपर्ने छ। अग्रगमनको बाटोमा जानुपर्नेछ। पहिलेका आन्दोलनबाट प्राप्त दुर्लभ उपलब्धिहरूलाई पनि जोगाउनु छ। कहिलेकहीँ यो हुल आँधिबेहरीमा पुराना उपलब्धिलाई बढार्ने काम हुन्छ। पश्चागमनका प्रयासहरू पनि हुने गर्दछन्। त्यसैले अगाडि नै जाने हो।'

विधि, विधान, संविधानलाई धेरै मिच्न नहुने भन्दै उनले त्यो मिचिएको खण्डमा पनि डिरेल भएका कुरालाई पनि ट्र्याकमा ल्याउनु पर्ने उनले बताए। तर ट्र्याकमा ल्याउने विधिहरू पनि सीमित रहेको उनले बताए।

पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले वर्तमान सरकारमार्फत् नै निर्वाचनमा जानुको विकल्प नरहेको जिकिर गरेकका छन्।

भट्टराईले तोकिएकै समयमा मुलुकमा निर्वाचन नभए देश डरलाग्दो सुरुङमा फस्ने चेतावनी दिँदै यही संविधानमा टेकेर दलहले छिटो निर्वाचन गराउने दिशामा अघि बढ्नुपर्ने बताए।

वर्तमान कार्की नेतृत्वको अन्तरिम सरकारमा भएका कमजोरी हटाएर मुलुकलाई निर्वाचन सम्पन्न गराउनेतिर अघि बढाउनुपर्ने उनको भनाइ थियो।

'अब निर्वाचनमा त हामीले जसरी पनि गर्नुपर्छ। कथमकदाचित निर्वाचन भएन भने डरलाग्दो अँध्यारो सुरुङमा देश फस्छ। त्यसैले हामी सबैले सहयोग गरेर यो अन्तरिम सरकार, यो सुशीला कार्की नेतृत्वको जुन सरकार छ,' उनले भने-'यसका अपूर्णता, कमी, कमजोरी छन् भने यसलाई सच्याउन लगाऔं। तर यसैमार्फत् नै छिटो चुनाव गराउनेतिर नै हामी जानुपर्छ।'

भट्टराईले नेपालको वर्तमान संविधानलाई आधार बनाएर मुलुकमा रास्वपालगायतका वैकल्पिक राजनीतिक दलहरूले अघि बढ्दा नै उपयुक्त हुने समेत बताए।

'त्यसका निम्ति जुन हाम्रा अलगअलग दलह छन्। अलगअलग दल पनि चुनावमा जान सकिन्छ। रास्वपाका साथीहलाई हामी एक्लै जान सकिहाल्छौं भन्ने आधार पनि छन् त।'- भट्टराईले भनेका छन्।

भट्टराईले मुलुकलाई भ्रष्टाचारबाट मुक्त गराउनका लागि सम्बन्धित निकायहरूलाई बलियो बनाएर अघि बढ्न उपयुक्त पनि स्पष्ट पारे।

## संसद पुनर्स्थापना नभए चुनावमा जान्छौं : मसाल



बुटवल। नेपाल कम्युनिस्ट पार्टी मसालका महामन्त्री मोहनविक्रम सिंहले भदौ २३ को जेनजी आन्दोलनमा दमन गर्नेमाथि कानुनी कारबाही हुनुपर्ने बताएका छन्।

प्रगतिशील पत्रकार संघले बुटवलमा गरेको पत्रकार सम्मेलनमा सिंहले जेनजी आन्दोलनमा राज्य शक्तिको अनावश्यक प्रयोग र नरसंहार भएको बताए।

आन्दोलनमा चलेका गोली प्रहरीको नभएको तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको अभिव्यक्तिबारे ओलीले प्रमाण पेश गर्नुपर्ने बताए।

'ओलीले अहिलेसम्म कुनै प्रमाण देखाएको देखिंदैन, त्यसकारण २३ गतेको दमनको लागि जिम्मेवार ओली सरकार वा जिम्मेवार व्यक्तिहरूमाथि आवश्यक छानबिन गरेर कारबाही गर्नु पर्दछ।' - महामन्त्री सिंहले भने।

भदौ २३ र २४ गतेको जेनजीको आन्दोलन देशमा व्याप्त भ्रष्टाचार र कुशासन विरुद्ध नयाँ युवाहरूको न्यायपूर्ण र शान्तिपूर्ण आन्दोलन भए पनि त्यसमा व्यापक घुसपैठ गरिएको सिंहले बताए।

२४ गते देशव्यापी रूपमा केही घण्टामा नै तोडफोड, आगलागी र ध्वंसात्मक कार्यहरू गर्न जेनजीहरूको लागि सम्भब नै नभएको तर्क गर्दै उनले ध्वंसबारे छानबिन गरेर आवश्यक कारबाही गर्नुपर्ने तर्क गरे।महामन्त्री सिंहले अहिलेको अन्तरिम सरकार अवैधानिक भएको जिकिर गरे। तर संसद पुनर्स्थापना नभएर चुनाव भए चुनावमा भाग लिने स्पष्ट पारे। सिंहले जेन-जी आन्दोलनका पछाडि अमेरिकाको भूमिका भएको आरोप लगाए।

दलाई लामाले अहिलेको सरकारलाई शुभकामना त्यसको प्रमाण भएको उनले तर्क गरे। दलहरूको नेतृत्व परिवर्तन र पुस्तान्तरणका विषयमा पत्रकारको जिज्ञासामा उनले यसलाई स्वीकार गरे।

» *बाँकी ३ पेजमा*

## तिलोत्तमा यूसीएलजी काउन्सिल सदस्यमा निर्वाचित



बुटवल। तिलोत्तमा नगरपालिका यूसीएलजी एशिया प्रशान्त क्षेत्रको काउन्सिल सदस्यको रुपमा निर्वाचित भएको छ।

दक्षिण कोरियाको गोयांग विशेष शहरमा सम्पन्न यूसीएलजी एशिया प्रशान्त क्षेत्रको १०औं सभाले तिलोत्तमा नगरपालिकालाई सन् २०२५ देखि २०२७ सम्मको लागि एशिया प्रशान्त शहरहरु र स्थानीय सरकारहरूको संस्थाको काउन्सिल मेम्बरका रुपमा निर्वाचित भएको हो।

एशिया प्रशान्तका सदस्यहरुले तिलोत्तमा नगरपालिकाको क्षमतालाई विश्वास गरी काउन्सिल मेम्बरको रुपमा निर्वाचित गरेको नगरप्रमुख रामकृष्ण खाँणले बताए। यो अवसरसँगै तिलोत्तमा नगरपालिकाले एशिया प्रशान्त क्षेत्रका समुदायको हित बढाउन, त्यस क्षेत्रका स्थानीय सरकारहरुको क्षमता विकास गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्न पाउने भएको छ।

नगर प्रमुख खाँणले यो सदस्यताले नगरपालिकाको अनुभव, विशेषज्ञता र दृष्टिकोणले एशिया प्रशान्तका शहरहरू र स्थानीय सरकारहरूको भावी भविष्य निर्माणमा भूमिका निर्वाह गर्ने विश्वास लिएको बताए।

स्थानीय सरकारको अन्तर्राष्ट्रियस्तरमा नै पैरवी गर्ने, स्थानीय सरकारमा सुशासन अभिवृद्धि गर्ने, सूचना र बौद्धिकतामा महत्वपूर्ण विन्दुका रुपमा कार्य गर्ने र बलियो, सक्रिय र आफ्नो क्षेत्रको स्थानीय शासनमा अन्तर्राष्ट्रिय सूचना आयात गर्न, नगरले गरेका राम्रा कामको प्रचार प्रसार गर्न र वैदेशिक लगानी, प्रविधि र सिकाइ पालिकामा भित्राउन यसले सघाउने उनले जनाए।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खुमलाल भुषालले यसबाट अन्तर्राष्ट्रियस्तरमा तिलोत्तमा नगरपालिकाको छविलाई उचो बनाउन, अन्तर्राष्ट्रिय असल अभ्यासलाई स्थानीयकरण गर्न र तिलोत्तमा नगरपालिकाले गरिरहेका असल अभ्यास र गतिविधिलाई अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत गर्न सहयोग पुग्ने बताए।

साथै उनले तिलोत्तमा नगरपालिकाले स्थानीय शासन सुदृढीकरणको लागि सेवा प्रवाह, विकास व्यवस्थापन र सामुदायिक सशक्तिकरणका विभिन्न आयामहरुमा अन्तर्राष्ट्रिय मञ्चहरुमा पैरवी गर्ने स्थान नगरपालिकाले पाएको विषय गौरवको विषय भएको जनाए।



दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

# पाहुर

२०८२ कात्तिक १५ गते, शनिबार

तपाईंका लागि...

## बिट्‌विन द लाइन्स्...

ज्यादै थाकें हे ईश्वर !
भेडो बनाऊ मलाई ।
यो शिरको धराप– जो हो मेरो घर
यो विचारको सराप–
यो जान्नाको पाप–
यो अन्तःकरणको हृदय-ज्वालक नाप
यो खसुँला भन्ने तीन किसिमको ताप
यो चढ्ने रवाफ !
यो जवाफदेहीको अभिशाप ।

– महाकवि लक्ष्मीप्रसाद देवकोटा

**क्लासिक कथा**

# इभान इल्यीचको मृत्यु– २

**लेभ तोल्सतोइ**

(१९औं शताब्दीका महान् साहित्यकार लेभ तोल्सतोइको कथा र उपन्यासहरू अहिले पनि संसारभर उत्तिकै श्रद्धा र रुचिपूर्वक पढिन्छ। नेपालमा पनि तोल्सतोइ पाठकहरूमाझ अझै रुचिका लेखक हुन् तर नेपाली भाषामा उनका रचनाहरूको अप्राप्यताले गर्दा धेरै पाठकहरूलाई कठिनाई महसुस हुन्छ। लेभ तोल्सतोइका केही प्रसिद्ध रचनाहरू सोभियतकालमा नेपालीमा अनुवाद भएको थियो तर ती बजारमा दुर्लभप्राय छन्। सन् १९८४ मा रादुगा प्रकाशनले 'लेभ तोल्सतोइः कथा-कहानी' शीर्षकमा छ वटा कथाको संकलन प्रकाशन गरेको थियो। ती सबै कथाका अनुवादक कृष्णप्रकाश श्रेष्ठ हुनुहुन्थ्यो। उक्त संग्रहमा 'दुई हुस्सार', 'पारिवारिक सुख', 'खोल्स्तोमेर', 'इभान इल्यीचको मृत्यु', 'क्रुजर सनेट' र 'नाच सकिएपछि' कथाहरू संकलित छन्। पाहुरका पाठकलाई क्लासिक रचनासँग परिचित गराउने उद्देश्यले उक्त संग्रहबाट यो कथा साभार गरिएको छ। कथा भनेतापनि लघु उपन्यासको आकारमा लेखिने रुसी कथाहरूको विशेषता हो। त्यसैले कथालाई भाग भागमा प्रकाशन गरिएको छ।)

इभान इल्यीचको जीवनको कथा अति सरल र साधारण तर ज्यादै भयंकर पनि छ।

पैंचालिस वर्षको उमेरमा इभान इल्यीचको मृत्यु भयो। उनी न्याय परिषद्को सदस्य थिए। उनी यस्तो एक सरकारी पदाधिकारीका छोरा थिए जसले विभिन्न मन्त्रालयहरू र विभागहरूमा काम गरिसकेपछि पिटर्सबर्गमा आफ्नो लागि एउटा विशिष्ट स्थान बनाइसकेको थियो। यस खालका मान्छेहरू आखिर यस्तो ओहदामा पुगिहाल्छन् जहाँबाट उनीहरूलाई कसैले पनि हटाउन सक्तैन, यद्यपि उनीहरूबाट कुनै पनि महत्त्वपूर्ण काम पूरा होला भन्ने आशा राख्न सकिन्न भन्ने समेत छर्लंग नै भैसकेको हुन्छ। लामो अवधिसम्मको नोकरी र उच्च ओहदाको कारणले गर्दा उनीहरूलाई हटाउन सकिंदैन। जुन पदहरूमा उनीहरू बहाल रहन्छन् ती त खालि नाममात्रका पद हुन्छन्, परन्तु जुन तलब उनीहरूले पाउँछन् त्यो चाहिं नाममात्रको हुँदैन। उनीहरू बुढेसकालसम्म नै छदेखि दस हजार रुबलसम्म वर्षेनी पाउँदैरहन्छन्। यस्तै थियो– सल्लाहकार सभाको सदस्य, कैयन् अनावश्यक संस्थाहरूका अनावश्यक सदस्य इल्या एफिमोभिच गोलोभिन !

उसका तीन जना छोराहरू थिए जसमध्ये इभान इल्यीच माहिला छोरा थिए। जेठो छोराले चाहिं आफ्नो बाबुको जस्तै तरक्कै गरेको थियो। हो, ऊ चाहिं कुनै अर्कै मन्त्रालयमा काम गर्थ्यो। छिटै नै उसको नोकरीको अवधि पनि त्यस सीमासम्म पुग्दैछ जब स्वतः नै तनखा पाइन थाल्नेछ। कान्छो छोरो चाहिं भाग्यमानी निस्केन। उसले विभिन्न पदमा रहे विभिन्न ठाउँमा काम गऱ्यो, तर कतै पनि सफलता पाउन सकेन र हाल ऊ रेलवे विभागमा कतै जागिरे थियो। उसका बाबु र उसका दाजुहरू, खास गरी भाउजुहरू उससँग भेटघाट गर्नु त के अति जरुरत नपरेसम्म उसको अस्तित्वको समेत सम्झना गर्न मन पराउँदैनथे। उसकी बहिनीको बिहे चाहिं बारोन ग्रेफसँग भएको थियो जो आफ्नो ससुरा जस्तै पिटर्सबर्गमा एक माथिल्लै ओहदामा थियो। इभान इल्यीचलाई मान्छेहरू कुलको गौरव भन्ने गर्थे। उनी आफ्नो जेठो दाजु झैं रुखा र लकीरको फकीर थिएनन्, न त कान्छो भाइ जस्ता अल्लारे नै थिए। उनी ती दुवैको बीचमा थिए– चलाक, हँसमुख, आकर्षक र मिलनसार मान्छे। उनी र उनको कान्छो भाइ दुवै जनाले ल-कलेजमा पढेका थिए। कान्छो भाइले कोर्स पूरा गर्न सकेन, किनभने पाँचौ वर्षमा पढ्दापढ्दै कलेजबाट निकालियो। इभान इल्यीतले चाहिं राम्रो नम्बर ल्याएर कोर्स समाप्त गरे। उनी कानूनका विद्यार्थी छँदा पनि उनको चरित्र त्यस्तै थियो जस्तो त्यसपछि सारा जीवनभरि नै कायम रह्योः सुयोग्य, प्रसन्नचित, मिलनसार, विनम्र र कर्तव्यनिष्ठ। उनी ती सबै कुराहरूलाई आफ्नो कर्तव्य ठान्दथे जसलाई माथिका पदाधिकारीहरू कर्तव्य सम्झन्थे। कसैको चाकरी र खुशामद चाहिं उनले न बचपनमा गरे, न त पछि उमेरदार भएपछि नै गरे। परन्तु सानै उमेरदेखि नै उनी आफूभन्दा ठूला बडाहरूप्रति त्यसरी नै आकृष्ट हुनेगर्थे जसरी कीटपतंगहरू दीपशिखातर्फ आकर्षित हुन्छन्। उनले पनि तिनीहरूकै बानीबेहोरा र तिनीहरूकै जीवन-दृष्टिकोण अपनाइराखेका थिए र उनीहरूको साथमा नै उठबस पनि गर्थे। बाल्यकाल र युवावस्था उनका सबै जोशहरू बिलाइसकेका थिए र तिनको नामनिशानसम्म पनि बाँकी रहन गएको थिएन। कुनै बेला उनमा किञ्चित् भ्रमात्मक अभिमान र भावुकता नभएको होइन, तर कलेजका अन्तिम वर्षहरूतिर उनी केही कालको लागि उदारवादी पनि बन्न पुगेका थिए। किन्तु यी सबै कुराहरूमा उनले आफ्नो सहजबुद्धिले गार्द औचित्यको सीमा चाहिं उल्लघंन गरेका थिएनन्।

अध्ययनकालमा उनले जे जस्ता कामकुराहरू गरेका थिए ती उनलाई पहिले ज्यादै घृणित लाग्नेको गरेका थिए र त्यतिखेर उनलाई आफैप्रति बडो क्षोभ पर्ना हुन थालेको थियो। तर जब पछि उनले ठूलाबडा मानिसहरूले समेत कुनै दुविधाबेगर नै त्यस्तै कामहरू गरिरहेको देखे त तिनलाई उनले पटक्कै बिर्सिदिए। ती कामकुराहरूलाई अहिले पनि उनी असल त ठान्दैनथे, तर तिनको सम्झना हुँदा उनलाई पश्चाताम पनि लाग्दैनथ्यो।

इभान इल्यीचले ल-कलेजको पढाइ समाप्त गरेपछि आफ्नो निम्ति आवश्यक सरसामान किन्न आफ्ना बाबुबाट पैसा पनि पाए। त्यस रकमबाट उनले शार्मरको सिलाइ कार्यालयमा आफ्नो लागि नयाँ लुगा सिलाए, घडीको सिक्रीमा एउटा बिल्ला पनि झुण्ड्याए जसमा ल्याटिन भाषामा 'रेस्पिस फिनेम– शुरुमै अन्त्य ठम्याऊ' भन्ने कुँदिएको थियो। ल-कलेजका संरक्षक राजकुमार र प्राध्यापसँग बिदाबारी भएर आफ्ना साथीभाइहरूको साथमा उनले डोनोन रेष्टुराँमा भोज मनाए। त्यसपछि नयाँ छाँटको सुटकेश, नयाँ फैशनको लुगाफाटो, नुहाउने-धुने सामान, शृंगार-पटारका सामान, कोठा सजाउने दरी-गलैंचा आदि सबभन्दा नामी पसलहरूबाट किनेर उनी एउटा प्रान्तीय नगरतर्फ रमाना भैहाले। उनलाई उनका पिताले गभर्नरको कार्यालयमा विशेष सचिवको पद मिलाइदिएका थिए। मोफसलमा पनि छिटै नै इभान इल्यीचले आफ्नो विद्यार्थी जीवनको जस्तै आफ्नो रहन-सहन आरामदायक र सुखी बनाइहाले। उनी आफ्नो काम गर्थे, आफ्नो तरक्की पनि बढाउँदै थिए र यसको साथसाथै शिष्ट र सुरुचिपूर्ण आमोदप्रमोदको पनि रस लिन्थे। कहिलेकाहिं उनी आफ्नो हाकिमद्वारा खटाइएको कामको सिलसिलामा विभिन्न जिल्लाहरूको भ्रमणमा पनि जाने गर्थे जहाँ उनी आफूभन्दा माथिका र मुनिका सबै पदाधिकारीहरूसमक्ष आत्मगौरव र प्रतिष्ठा कामय राख्नेगर्थे। आफ्नो कर्तव्य उनी इमानदारीपूर्वक पालना गर्थे जसले गर्दा सच्चा गर्वको अनुभव नहुन सक्दैनथ्यो। त्यहाँ खास गरी उनले 'सनातन धर्म' विषयक मामिला हेर्नुपर्थ्यो।




तन्नेरी उमेर र आमोप्रिय स्वभाव हुँदाहुँदै पनि सरकारी काममा चाहिं उनी एकदमै गम्भीर र औपचारिक रहन्थे, अझ कठोर समेत हुन पुग्थे। परन्तु साथीभाइहरूको माझमा उनी हाँसखेल गर्थे, हाजिरजवाफ रहन्थे र सधैं मिलीजुलीकन नै बस्थे। उनका हाकिम र हाकिमकी पत्नी पनि घरकै मानिससरह ठानेर उनलाई भलाद्मी भन्नेगर्थे।

त्यस प्रान्तीय नगरमा एउटी आइमाईसँग पनि उनको सम्बन्ध हुन गयो। त्यो त्यस आईमाईहरूमध्ये एक थिई जो यस ठाँटिलो कानूनविद्प्रति आशक्त भैसकेका थिए। त्यहाँ एउटी अर्की आइमाई पनि थिई जो फैशनदार जनाना टोपी बनाउने काम गर्थी। जो अधिकृतहरू त्यस शहरमा आइपुग्थे उनीसँग भोजभतेर पर्ना हुन्थ्यो र साँझको खाना खाइसकेपछि निकै टाढा रहेको गल्लीमा पनि आवतजावत भैरहन्थ्यो। आफ्नो हाकिम र अझ आफ्नो हामिकी पत्नीलाई खुशी पार्न नजराना-सौगात पनि पठाइन्थ्यो। तर यो सबे काम शिष्टताको कतिसम्म उच्च स्तरमा सम्पन्न गरिन्थ्यो भने तिनलाई कुनै नराम्रो संज्ञा दिन सकिंदैनथ्यो। यो सब त्यहीं फ्रान्सेली आहानको अनरूप थियो जसमा भनिएको छः जवानीमा जोश त हुनैपर्छ। जे जति गरिन्थ्यो त्यो सब सफासुग्घर हातले गरिन्थ्यो, सुकिलो लुगा लगाएर गरिन्थ्यो, फ्रान्सेली भाषा बोलेर गरिन्थ्यो र सबभन्दा महत्त्वपूर्ण कुरा त के भने उच्चतम समाजमा गरिन्थ्यो अर्थात् त्यसमा माथिल्लो ओहदामा रहेका मान्छेहरूको सहमति हुन्थ्यो।

यसरी पाँच वर्षसम्म इभान इल्यीचले काम गरे। अनि मात्र ऐनकानूनमा केही अदलीबदली भयो। नयाँ अदालतहरू खुले र तिनको सञ्चालनको लागि नयाँ पदाधिकारीहरूको पनि आवश्यकता पऱ्यो।

यी नयाँ खालका मान्छेहरूमध्ये इभान इल्यीच पनि एक थिए।

इभान इल्यीचसमक्ष जाँचपडताल गर्ने अधिकृतको पद प्रस्तावित गरियो र उनले सो पदा स्वीकार पनि गरे, यद्यपि उनले अर्कै प्रान्तमा जानुपर्ने थियो– भलै यहाँ आफ्नो बनिसकेको सम्बन्ध थियो। उनका साथीभाइहरूले उनीसँग बसेर फोटो खिचाए र सम्झनाको लागि चाँदीको सिगरेटकेस पनि उपहार दिए। यसरी उनी आफ्नो नयाँ स्थातिर रमाना भए।

जाँचबूझ अधिकृतको पदमा पनि इभान इल्यीच त्यसैगरी यथायोग्य थिए। उनले त्यत्तिकै ल्याकतको प्रदर्शन गरे, त्यत्तिकै दक्षतापूर्वक उनले सरकारी काम र निजी कामलाई अलग्गाएर राखे तथा त्यसै गरी सबैको आदरपात्र पनि बने जस्तो उनी ती दिनहरूमा थिए जतिखेर गभर्नरको विशेष सचिव भएर काम गर्नेगर्थे। पहिलो नोकरीको तुलनामा जाँचबूझ अधिकृतको काम उनलाई बढ्ता रोचक र प्रिय लाग्यो। निश्चय नै पनि पहिलो नौकरीको पनि आफ्नै विशेषता थियो। शार्मरकहाँ सिलाइइएको रवाफिलो वर्दीमा डटेर जब उनी प्रतीक्षा-कक्षमा पालो कुरेर बसिराखेका आगन्तुकहरू र ईष्याका नजरले उनलाई घुरेर हेर्ने अड्डाका कारिन्दा कर्मचारीहरको अगिल्तिरबाट फूर्तिसाथ हिंडेर सरासर आफ्नो हाकिमको कोठामा पस्थे। उसको बगलमै बसेर चियाको चस्को लिन्थे वा चुरोटको सर्को तान्थे, त्यतिखेर उनलाई अपार आनन्द लाग्थ्यो। तर त्यहाँ यस्ता मान्छेहरू ज्यादै कम थिए जसको उनी भाग्यविधाता बन्न सक्थे। फगत् जिल्लाका पुलिस-इन्सपेक्टर र 'सनातन धर्म'का समर्थकहरूसँग मात्र सरकारी काजमा जाँदा उनको सरोकार रहन्थ्यो। परन्तु उनीहरूसँग उनी शिष्टापूर्वक, यहाँसम्म कि झण्डै साथीभाइसित जस्तै व्यवहार गर्नेगर्थे र यस्तो अनुभव गर्न लगाउँथे, मानौ उनले चाहेको खण्डमा उनीहरूलाई मुठ्ठीको माखोलाई झैं क्याच्च थिचिदिन समेत उनी सक्छन्, तर पनि त उनीहरूसँग उनको व्यवहार कति मैत्रीपूर्ण र विनम्र छ। किन्तु यस्तो मानिसहरूको संख्या त्यतिखेर ज्यादै कम थियो। अब त उनी जाँचबूझ अधिकृत बनिसकेका थिए। अब त उसले के विचार उनले के विचार गर्न थालिसकेका थिए भने सबै मान्छेहरू, यहाँसम्म कि सबभन्दा प्रतिष्ठित र आत्मतुष्ट मान्छेहरू समेत उनको वशमा छन्। सरकारी कागजमा केही बेहोरा लेखेर पूर्जी काट्नेबित्तिकै ठूलाभन्दा ठूला र घमण्डीभन्दा घमण्डी मान्छे पनि उनको सामुन्ने खडा गराइन्थ्यो। इभान इल्यीच उदारतावश उसलाई मेचमा यसले संकेत गर्थे, अन्यथा उसले उभिएको उभियै एक साक्षीको हैसियतले वा एक अभियुक्तको हैसियतले आफूलाई सोधिएका सबै प्रश्नहरूको एक एक जवाफ दिनुपर्थ्यो। इभान इल्यीच आफ्नो यस अख्तियारको कहिल्यै पनि दुरूपयोग गर्दैनथे, बरु उनले सदैव नै त्यसको सद्भावनापूर्वक उपयोग गर्ने प्रयास गरेका थिए। उनको दृष्टिमा यस नयाँ नोकरीको मुख्य आकर्ष नै कुन कुरामा थियो भने त्यसले उनलाई आफ्नो शक्तिको बोध गराउनुको साथसाथै आफ्नो दयालुताको समेत प्रदर्शन गर्ने सम्भावना दिन्थ्यो। छिटै नै उनले आफ्नो काममा दक्षता हासिल गरिहाले। उनी मुद्दामामिलाको जाँचपडताल गर्दा ती सबै परीस्थितिहरूलाई अलग्याइदिनेगर्थे जसप्रति जाँचबूझ अधिकृतको नाताले उनको कुनै पनि उत्तरदायित्व हुँदैनथ्यो। उनले जटिलभन्दा जटिल अभियोगहरूलाई तिनको बाह्य परिस्थितिहरूकै अनुरूप बेग्लाबेग्लै नाम दिनेगरेका थिए। यसले गर्दा उनले कतै पनि आफ्नो राय दिइरहनु पर्दैनथ्यो र औपचारिक रूपमा ऐन कानूनको सबै रीत पनि पुगिहाल्थ्यो। यो काम नयाँ थियो। इभान इल्यीच पनि ती व्यक्तिहरूमध्ये एक थिए जसले सन् १८६४ मा जारी गरिएको अदालती बन्दोबस्तको तर्जुमामामा व्यावहारिक योगदान पुऱ्याएका थिए।

जाँचबूझ अधिकृत बनेर नयाँ शहरमा पुगेपछि इभान इल्यीचले नयाँ सम्पर्क स्थापित गरे, नयाँ जानपहिचान बढाए, नयाँ ढाँचाले बस्न थाले र बोल्ने ढंगमा पनि केही नयाँपन ल्याए। आफ्नो प्रतिष्ठाको ख्याल राखेर यसपल्ट उनले स्थानीय पदाधिकारीहरूबाट आफूलाई उचित दूरीमा राखेर र न्यायप्रशासनका उच्चपदस्थ व्यक्तिहरू र शहरका सम्पन्न खानदानका मानिसहरूसँग मात्र हेलमेल बढाए। यसको साथसाथै सरकारप्रति थोरबहुत असन्तोष, संयमित उदारतावाद र शिष्ट नागरिक जीवनमा पनि रुचिको प्रदर्शन गर्न थाले। इभान इल्यीच आफ्नो वेष-भूषामा पनि पहिले झैं खूब ध्यान दिन्थे। नयाँ पदमा बहाल भएपछि चाहिं उनले दाह्री काट्न छोडिदिएका थिए र दाह्रीलाई आफुखुशी बढ्ने मौका दिएका थिए। नयाँ शहरमा पनि इभान इल्यीचको जीवन उत्तिकै सुखद रह्यो। गभर्नरको विरोध दल ज्यादै नै मिलनसार र रोचक निस्कियो। उनको वेतन पनि पहिलेको भन्दा बढेको थियो। उनले ह्वीष्ट खेल्न समेत सिकेको हुँदा त अझ रमाइलोसित जीवन बित्न थाल्यो। सामान्यतया उनी बडो उत्साहपूर्वक तास खेल्ने गर्थे, ज्यादै चलाखीपूर्वक सुक्ष्म चाल समेत चल्नेगर्थे र अक्सर जीत पनि उनैको हुन्थ्यो।

यस शहरमा दुई वर्ष नोकरी गरिसकेपछि आफ्नी भावी पत्नीसँग इभान इल्यीचको भेट भयो। उनी जुन समाजमा बसउठ गर्नेगर्थे त्यसमा प्रस्कोभ्या फ्योदोरोभ्ना मिखेल नै बढी आकर्षक, बुद्धिमती र चुतर युवती थिइन्। यसरी जाँचबुझ अधिकृतको दायित्व बहन गरिसकेपछि बाँकी रहन जाने फुर्सदको समयमा बसिबियाँलो र आमोदप्रमोदको एउटा अर्को साधन उनले भेट्टाइहाले। इभान इल्यीचले प्रस्कीभ्या फ्योदोरोभ्नाको साथमा अलिकति जिस्किन र मस्किन शुरु गरिहाले। जुन बेला इभान इल्यीच विशेष सचिवको पदमा थिए त्यतिखेर उनी बेलाबखतमा नाचहरूमा सरीक हुनेगर्थे, तर जाँचबुझ अधिकृतमा नियुक्ति पाएपछि चाहिं कहिलेकाहिं मात्र नाच्ने गर्न थाले। अनि जब नाच्थे त फगत् के देखाउनको लागि मात्रै नाच्ने गर्थे भने नयाँ अदालती बन्दोबस्तको परिचालक र पाँचौ श्रेणीको अधिकृत हुँदाहुँदै पनि उनी नाचको क्षेत्रमा समेत सामान्य मानिसहरूभन्दा सन्ध्या-समारोहको अन्त्यमा उनी प्रस्कोभ्या फ्योदोरोभ्नासँग नाच्ने गर्थे। यस्तै नाचहरूमा नै उनले प्रस्कोभ्या फ्योदोरोभ्नाको हृदय जितेका थिए र उनको प्रेमी बन्न पुगेका थिए। इभान इल्यीचले बिहे गर्ने कुनै ठोस मनसाय राखेका थिएनन्, तर जब उनी एक युवतीको प्रेमपात्र बने, त्यतिखेर नै उनको मनमा विचार सुझ्यो, "वास्तवमा बिहे नै किन नगरिहालूँ त ?"

प्रस्कोभ्या फ्योदोरोभ्ना कुलघरानाकी छोरीबेटी थिइन्, हेर्नमा पनि राम्री नै थिइन् र साथमा केही धनदौलत पनि छँदैथियो। इभान इल्यीचले यसभन्दा बढ्दा ल्याकतकी अर्धाङ्गिनी पाउन सक्थे, तर यो पनि नसुहाउँदो जोडी थिएन। इभान इल्यीच राम्रै तलब पाउँथे र प्रस्कोभ्या फ्योदोरोभ्नाको आयस्ता पनि उनको विचारमा आफ्नो तलबकै बराबर पुग्न आउँथ्यो। ससुराली खलक पनि राम्रै थियो। केटी पनि मायालु , सुन्दरी र सुशील थिई। इभान इल्यीच आफ्नी भावी दुलहीलार्य प्रेम गर्न लागिसकेका थिए र उनीहरू दुवैको जीवन-दृष्टिकोण पनि समान थियो। त्यसैले उनले बिहे गरे भन्नु त्यत्तिकै गलत हुनेछ जति उनका आफन्त र मित्रहरूले यस जोडीलाई मन पराएको हुँदा उनीहरूको बिहे भयो भन्नु पनि गलत छ। इभान इल्यीचले यी दुवै कुराहरूलाई ध्यानमा राखेर बिहे गरेका थिए। यस विवाहमा सुख र औचित्य दुवै कुरा मौजूद थिए। सुख यस कारणले कि उनले यस्ती अर्धाङ्गिनी प्राप्त गरेका थिए, अनि औचित्य कुन कारणले भने यस जोडीलाई माथिका ठूलाबडाहरूले उचित ठहराएका थिए।

तसर्थ इभान इल्यीचले बिहे पनि गरिहाले।

विवाहको जन्ती-बरियाँत र विवाहपछिका पहिला दिनहरू त ज्यादै नै रमाइलोसित बिते– नयाँ सरसामान, नयाँ भाँडाबर्तन, नयाँ लत्ता-कपडा र नवदम्पत्तिको प्रेम-क्रीडा। आनन्दपूर्वक समय बित्दै गइरहेको थियो। इभान इल्यीच के सोच्दै थिए भने विवाह हुनुभन्दा पहिलेको जस्तै अब पनि उनको जीवन उल्लासपूर्ण, आरामदायी, आमोदपूर्ण एवं शिष्ट नै रहिरहनेछ र यस विवाहबाट त्यसमा कुनै प्रकारको बाधा पुग्नेछैन, बरु अझ बढ्ता रोचक हुन जानेछ। केही महिनापछि नै उनकी पत्नीले गर्भ धारण गरिन्। अति त उनले एक नौलो र अप्रत्याशित स्थितिको सामना गर्नुपऱ्यो जुन ज्यादै अप्रिय, अनुचित र असह्य थियो। जीवनले यस्तो मोड लिनेछ भन्ने त उनले सपनामा समेत विचार गरेका थिएनन् र अब यसबाट छुट्कारा पाउनु पनि असम्भव थियो।

कुनै कारणबेगर नै, अर्थात् उनको शब्दमा 'नाटीकुटीले गर्दा' उनकी पत्नीले जीवनको सुख र शिष्टता भंग गर्न थालिन्। अकारण नै उनी पतिको ईर्ष्या गर्न लागिन् र उनबाट आफ्नो बढी सेवासुश्रुषाको पनि माग गर्न थालिन्। पतिको हरेक कुरामा उनी खोटहरू निकाल्थिन् र बडो अनुचित र भद्दा किसिमबाट उनीसँग बाँइन समेत थाल्थिन्।

शुरुमा त इभान इल्यीचले पहिले झैं नै आरामदायक र शिष्ट ढंगबाट जीवन बिताएर यस अप्रिय स्थितिबाट मुक्ति पाइनेछ भन्ठानेका थिए। आफ्नी पत्नीको लहडबाजीको बेवास्ता गर्ने र पहिले जस्तै ऐशआराम र सुखपूर्वक बस्ने पनि उनले प्रयास गरे। आफ्ना साथीभाइहरूलाई उनी कि त आफूकहाँ तास खेल्न बोलाउनेगर्थे, कि त स्वयं आफै नै क्लब वा इष्टमित्रहरूकहाँ जानेगर्थे। परन्तु एकपल्ट उनकी पत्नीले उनलाई कतिसम्म अश्लील शब्दहरूद्वारा झाँटिन् भने उनी चकित भएर। त्यसपछि पनि जब उनी पत्नीको इच्छाको विपरीत कुनै काम गर्थे त यस्तै झँटाइ पाउँथे। पतिलाई आफ्नो काबूमा लिन नसकुञ्जेल नै यस्तै गर्ने उनले अठोट गरेकी छिन् भन्ने प्रतीत हुन्थ्यो। यसरी कज्याएर राख्नुको अर्थ के हुन्थ्यो भने उनी पनि आफ्नी पत्नी झैं सधैंभरि घरमा नै बसिराखून् र वाल्ल परेर उनैलाई मात्र हेरिराखून्। दाम्पत्य जीवन र खास गरी यस्ती आइमाईसँग विवाह गरेपछि शुरु हुने जीवनमा सुख र शिष्टता बढ्नु त परै रहोस्, बरु एकदमै नष्ट भएर जाला भन्ने पो डर छ भनेर उनले छर्लंग बुझिहाले। तसर्थ उनले यस खतरबाट आत्मरक्षा गर्नु आवश्यक ठाने र उनी यसको लागि उपायहरू पनि खोज्न लागे। प्रस्कोभ्या फ्योदोरोभ्नालाई प्रभावित पार्न सक्ने एउटै मात्र कुरा थियो – इभान इल्यीचको जागीर। तसर्थ इभान इल्यीचले आफ्नो जागीर र त्यस जागीरबाट उत्पन्न हुने जिम्मेदारीहरूलाई नै आफ्नी पत्नीको विरुद्ध संघर्ष गर्ने र आफ्नो स्वतन्त्र अस्तित्व कायम राख्ने साधन तुल्याए।

बच्चा जन्मेपछि त झन्झट अझ थपियो। कहिले बच्चालाई दूध ख्वाउनाको सास्ती त कहिले चाहिं आमा अथवा बच्चाको वास्तविक या मनगढन्त अस्वस्थता। यस झमेलाप्रति उनीबाट सहानुभूतिको आशा राखिन्थ्यो, तर उनी त त्यसलाई बुझ्नसम्म पनि बुझ्दैनथे। यस्तो घर-व्यवहारबाट निकै टाढा रहेर आफ्नै बेग्लै संसार बनाउनु इभान इल्यीचको निम्ति आवश्यक हुन गएको थियो। जति जति उनीक पत्नीको स्वभाव हठी र दुराग्रही हुँदैगयो त्यत्तिकै बढी मात्रामा उनले पनि जानाजानी नै आफ्नो कार्यालयलाई आफ्नो जीवनको केन्द्रबिन्दु बनाउँदै लगे। पहिले कहिल्यै पनि उनी अहिले जस्तो बढी महत्वाकांक्षी रहेका थिएनन्, न त आफ्नो नोकरीलाई नै उनले यति गाढा प्रेम गर्नेगरेका थिए।

छिटै नै, बिहे भएको एक वर्षभित्र नै, दाम्पत्य जीवनमा केही आराम त अवश्य छ, तर विवाह एक ज्यादै जटिल र कठिन समस्या हो भन्ने कुरा इभान इल्यीचलाई थाहा भैहाल्यो। यस सम्बन्धमा पनि मान्छेले केही यस्ता स्पष्ट नियमहरू बनाउनुपर्छ जस्तो उसले आफ्नो व्यवसायको बारेमा बनाइराखेको हुन्छ र त्यसैअनुसार अर्थात् दाम्पत्य जीवन यस्तो शिष्ट होस् कि समाजले औंला ठड्याउन नसकोस्।

तसर्थ इभान इल्यीचले दाम्पत्य जीवनसम्बन्धी आफ्ना नियमहरू पनि बनाइहाले। विवाहित जीवनबाट उनले यत्ति मात्र माग गरे कि घरमा गृहणी होस्, खाना उपलब्ध भइरहोस्, बिछ्यौनाको सुविधान रहोस् र मुख्य कुरा त के भने मानिसहरूको दृष्टिमा गार्हस्थ जीवनको यस्तो औपचारिक शिष्टता कायम रहिरहोस् जसको आधारमा समाजको अनुमोदन प्राप्त भइरहन सक्थ्यो। जीवनका अन्य पक्षहरूबाट चाहिं उनी सुख र आनन्दको चाहना राख्थे। अनि केही सुख प्राप्त भएको खण्डमा उनी ज्यादै कृतज्ञ हुनेगर्थ र गुनासो, झर्क्याई वा भर्त्सनाको सामना गर्नुपरेको खण्डमा चाहिं तुरुन्त नै आफ्नो कामधन्धाको दुनियाँमा लुसुक्क हिंडिहाल्थे। त्यहाँ उनी सुखी रहन्थे।

बडो लगनशीलतापूर्वक काम गरे बापत इभान इल्यीचको प्रशंसा भयो र तीनवर्षभित्र नै उनले सहायक सरिकारी अभियोक्ताको पद भेट्टाइहाले। त्यसमा नयाँ नयाँ महत्वपूर्ण उत्तरदायित्वहरू थिए–कसैउपर मुद्दा चलाउने र उसलाई कैदको सजाय तोक्ने समेत उनले अख्तियार पाएका थिए र मान्छेहरूको सामु आफ्नो वाक्पटुताको सफल प्रदर्शन गर्ने पनि सम्भावना पाएका थिए। त्यो काम उनलाई अझ बढ्ता आकर्षक लाग्यो।

फेरि लालाबाला जन्मिए र परिवार बढ्दैगयो। उनकी पत्नी चाहिं अझ बढ्ता झर्कन, फतफताउने र जडंग रिसाउने स्वभावकी हुँदैगइन्, परन्तु गार्हस्थ जीवनका स्वनिर्धारित नियमहरूको पालना गर्दै जानाले यस फतफतको पनि इभान इल्यीचमा कुनै असर पर्दैनथ्यो।

सात वर्षसम्म त्यस शहरमा काम गरिसकेपछि कुनै अर्को गुबेर्नियामा सरकारी अभियोक्ताको पदमा इभान इल्यीच सरुवा भएर गए। उनी सपरिवार अर्को शहरमा पुगे, तर त्यहाँ पैसाको कमी अनुभव हुन थाल्यो। उनकी पत्नीलाई त्यो नयाँ शहर पटक्कै मन परेन। त्यहाँ वेतन त पहिलेको भन्दा बढी नै पाइन्थ्यो, तर जीवनयापको खर्च पनि बढ्न गएको थियो। यस बाहेक दुईजना बालबच्चाको मृत्यु पनि भयो। यसले गर्दा इभान इल्यीचको निम्ति पारिवारिक जीवन अझ बढि अप्रिय हुन गयो।

नयाँ शहरमा जे-जति आपद-विपदहरू आइपरे ती सबैको लागि प्रस्कोभ्या फ्योदोरोभ्ना आफ्ना पतिलाई नै दोषी ठहराउनेगर्थिन्। कुराकानीको अधिकांश विषयमा, खास गरेर बालबच्चाहरूको पालनपोषणको विषयलाई लिएर जोईपोइबीच कैयौपल्ट ठाकठुक समेत परिसकेको थियो र यस्ता कलहरू फेरि जनुसुकै बखत पनि शुरु हुन सक्ने सम्भावना मौजूद थियो। कहिलेकाहिं यस्ता दिनहरू पनि आकलझुकल आउँथे जब जोइपोइ दुवै जना मायापीर्तिका कुरा पनि गर्थे, तर यो धेरै लामो समयसम्म कायम रहँदैनथ्यो। ती क्षणहरू यस्ता टापूहरू जस्तै थिए जहाँ केही बेर विश्राम गरेर ती दुवै जना भित्री शत्रुताको समुद्रमा फेरि आफ्नो यात्रा जारी राख्थे। एक दोस्रोप्रतिको उपेक्षाभावमा नै त्यो भित्री शत्रुताको अभिव्यक्ति हुनेगर्थ्यो। इभान इल्यीच यस उपेक्षाभावलाई अवाञ्छनीय ठान्दा हुन् त अवश्य पनि उनको मनमा यसले ठूलो चोट पुऱ्याउनेथियो। परन्तु उनले त यसलाई अब सामान्य मात्र होइन, अझ आफ्नो पारिवारिक क्रियाकलापको लागि वाञ्छित समेत ठान्न थालिसकेका थिए। घरको कलहबाट आफूलाई सकभर टाढै राख्ने र त्यसलाई अहित एवं अशिष्टताको सीमासम्म पनि पुग्न नदिने त उनले लक्ष्य नै बनाइसकेका थिए। घर-परिवारमा कमभन्दा कम समय दिएर नै उनी यो लक्ष्य प्राप्त गरिरहेका थिए। घरमा नबसी नहुने खण्ड आइपरेमा चाहिं आफ्नो अमनचैन कायम राख्न उनी आफ्ना केही साथीभाइहरूलाई निम्त्याउनेगर्थे। आफ्नो जीवनमा बढीभन्दा बढी महत्त्व त उनी आफ्नै कामलाई नै दिन्थे। सरकारी काममा नै वास्तवमा उनलाई ठूलो अभिरुचि पनि थियो र त्यसैमा नै उनी तन-मन लगाउनेगर्थे। यसैबाट उनलाई सुख पनि प्राप्त हुन्थ्यो। उनलाई आफ्नो शक्तिको र सामर्थ्यको पनि बोध थियो। उनले चाहनुमात्र पर्छ, जसलाई पनि उनी बर्बाद गरिदिन सक्छन् भन्ने उनलाई थाहा थियो। उनलाई आफ्नो बाहिरी धाकरवाफको पनि गर्व थियो। अदालतमा आइपुग्दा आफुभन्दा मुनिका कर्मचारीहरूसँग एक विशेष ढंगले नै उनी कुरा गर्थे। के ठूला, के साना सबै तहका कर्मचारीहरू समक्ष उनी आफ्नो सफलताको प्रदर्शन गर्थे। मुद्दामामिलाको जाँचपडताल पनि उनी निकै दक्षतापूर्वक गर्नेगर्थे र यसबाट पनि उनलाई आत्मसन्तोष हुनेगर्थ्यो। यी सबै कुराले उनको मन ज्यादै नै प्रफुल्ल हुन जान्थ्यो। यसको साथै साथीभाइहरूसँग गफ-सफ पनि चल्थ्यो, भोज-भतेर पनि भैहाल्थ्यो र ह्विष्ट पनि खेलिन्थ्यो। यसले गर्दा उनको जीवन भरिपूर्ण थियो। यसरी मोटामोटी रूपमा भन्ने हो भने इभान इल्यीचको जीवन त्यसरी नै चलिरहेको थियो जस्तो उनले इच्छा राखेका थिए अर्थात् त्यसमा शिष्टता पनि थियो र आमोदप्रमोद पनि थियो।

यस प्रकारले अरु सात वर्ष बितेको पत्तै भएन। जेठी छोरी पनि सोह्र वर्षकी तरुनी भैसकेकी थिई। एउटा अर्को बच्चाको पनि मृत्यु भैसकेको थियो। अब एकजना छोरा मात्र बाँकी रहन गएको थियो जो जिम्नेजिमयमा पढ्दैथियो। त्यो नै घरमा कलहको समेत मूल कारण बन्न पुगेको थियो। इभान इल्यीचले उसलाई पनि ल-कलेजमा पठाएर कानून नै पढाउन चाहेका थिए, तर प्रस्कोभ्या फ्योदोरोभ्नाले चाहिं पतिसँगको वैमनस्यको कारणले गर्दा उसलाई जिम्नेजियमा भर्ना गरिदिएकी थिइन्। छोरी चाहिं घरमै पढ्नेगर्थी र राम्रो प्रगति पनि गर्दैथिई। छोरोको पढाइ पनि उतिसारो नराम्रो थिएन।

(क्रमश...)

विमर्श

# काठमाडौं र बुटवल कति टाढा ?



सविन ज्ञवाली

(गत कात्तिक २ गते पाठक मञ्च, बुटवल र 'आगोका फूलहरू हुन्'को आयोजनमा 'काठमाडौं र बुटवल कति टाढा ?' शीर्षकमा छलफल कार्यक्रम आयोजना भएको थियो । उक्त कार्यक्रममा मानवशास्त्रका विद्यार्थी ज्ञवालीले प्रस्तुत गरेको विचारपत्र यहाँ प्रस्तुत छ ।)

जेन-जी आन्दोलन र त्यसको घटनापछिको अन्योलतामा मैले दुइवटा कुरा ख्याल गर्दै थिएः

१. पुरानो पुस्ता यसबारे पुरै अनभिज्ञ थियो र नयाँ पुस्तालाई सोध्दै थियो "यो सबै कसले गरेको हो ? तँलाइ केहि थाहा छ कि?" यस्मा नयाँ पुस्ता पनि धेरै हद सम्म अनभिज्ञ हुँदा-हुँदै पनि यसका अनुहारहरू नयाँ पुस्ताका साथीहरू जस्ता थिए र समाजको बागडोर अधबैंसे र बुढापाकाका हातबाट सर्किंदै थियो ।

२. पुराना सामाजिक मूल्य-मान्यताहरू जस्तै जात व्यव्स्था, लैंगिक र जातीय विभेद, नयाँ पुस्तालाई "तँ तयार छैनस् ‼" भनेर असुरक्षित बनाइरहने बानीलाई मुख्य तय प्याक्टिस् गर्ने र बचाईराख्ने पुराना पुस्ताको विचारहरू नाजुक स्टेटमा रहेको र सुधारउन्मुख बनाउन चाहे बनाउन सकिन्छ भन्ने सोच। त्यही मुल्य मान्यताहरूको निरन्तर्ताले वर्षौंदेखि बसालेको आफू खुसी रमिरहने बानी र त्यसले निम्त्याएको सामाजिक निष्क्रियता र पुराना रुढीलाई अंगीकार गर्नुको बिकल्प नदेखेको नयाँ पुस्तासँग अन्तर्क्रिया गरेर सामाजिक वैचारिकिलाइ चलायमान गराउन सकिन्छ ।

मानवशास्त्रको विद्यार्थी भएकाले पनि होला, कुनै पनि समाजको प्रगति त्यही स्थाई रूपले बसिरहेका मान्छेको ईच्छ्या, बुझाइ र संघर्ष अनुसार हुनपर्छ भन्ने लाग्छ । र, आफू बुटवलको भैकन पनि काठमाडौं बसिरहेको लामो समय भएकाले, मैले जति चाहे पनि आफ्नो कर्मको स्थायित्व र सोचको केन्द्र-बिन्दु काठमाडौंबाट बुटवल सरिसकेको ठहर गर्न सक्दिन ।

आफ्नो बसाइलाई बुटवलमा निरन्तरता दिन सक्ने भएपछि मात्र मनको कुनै कुनामा यस ठाउँलाई जिस्काएर छोडिजाने ग्लानी बिना आफ्नो विचारको माध्यमबाट यहाँको सामाजले सोच्ने तरिकालाई चलाउँ जस्तो लागिरह्यो । अचम्मको कुरो के भने, यहाँको तिनाउ खोला, सिद्धबाबा मन्दिर, श्री ७ मन नारायण मन्दिर, रामापिथेकस, सोह्र-छत्तिस मौजा सामुदायिक कुलोको बारेमा खोज अनुसन्धान गर्दा मनमा कत्तिपनी दोसाँध भएन, तर, यो अमुर्त, ठ्याक्कै नदेखिने र लगातार लागि परिरहनु पर्ने समाजिक संघर्षका पक्षहरू जस्तै सामाजिक बहस र समाजलाई चलायमान राख्ने चेतनामा भाग लिइँरहदा भने सहभागी भैरहन मन लाग्ने र निरन्तरता दिन नसकिने सोचले यसको कुनै पनि खालको नेतृत्व गरुँ कि नगरूँको दोधारमा राख्दो रहेछ ।

यो मनको दोसाँधलाई एउटा प्रश्नको उत्तर खोज्ने प्रयासमा हेरौँ– बुटवल र काठमाडौं कति टाढा ?

काठमाडौ र बुटवल दुइ नितान्त फरक ठाउँहरू हुन् भन्ने कुराले बुटवलको आफ्नोपनलाई (जस्तै साँझमा एक पटक घर छोड्नु, खुल्ला ठाउँहरू हुनु, सामाजिक निकटता हुनु, जुन मलाई प्रिय लाग्छ) सम्झनामा राखिरहन्छ । तर फेरि काठमाडौसँग भएको कला-साहित्य-अनुसन्धान-राजनीति-शिक्षा र पहुँचको ईकोसिस्टमले एउटा व्यक्ति र समाजलाई दिने अभिव्यक्तिको क्रिएटिभ सहुलियतको आधारमा यी दुई ठाउँको दूरी भौगोलिक रूपमा २६० किलोमिटर मात्र नभएर सांस्कृतिक पनि छ र यो दूरी यती धैरै छ कि काठमाडौं पुगेपछि एकै रातको नाइट बसको यात्रा २६० किलोमिटर भन्दा साह्रै लामो लाग्छ ।

सोसल मिडियाबाट देखिने काठमाडौंका सामाजिक अभियन्ताहरू, सामाजिक संस्थाहरू, सामाजिक छलफलका फोरमहरू, कलाकारहरू, लिगल फोरममा काम गरेका युवापुस्ताका वकिलहरू (जो अहिले नेताहरूको रूपमा आइरहेका छन्), फेमिनिज्मको स्तर, मिडियाको पहुँच, फोटोग्राफी र डकुमेन्ट्रि कार्यशालाहरू, विकसित सहरको इमेज, कस्मोपोलिटन सोच र जिवनशैली, ग्लोबलाईज्ड व्यक्तिको ईमेज, र त्यस्तै थुप्रै अरु बिधाहरूले केन्द्रबाहिरका ठाउँहरूलाई मोफसल मात्र हैन, सहरी सांस्कृतिक चेतना र त्यसको आधारमा निर्माण हुने मनोवैज्ञानिक सामाजिक स्टयाटसमा पनी पिछडिएको महशुस गराउँदछ । यो पिछडिएको सोचले केन्द्रबाहिरका ठाउँलाई बनाउनु भन्दा, केन्द्रसँग मिसिइ आफ्नो व्यक्तित्वको विकास गर्ने बाटो तर्फ लगिरहेको देखिन्छ । प्रश्न गर्न जरूरी छः अहिले सामाजिक सञ्जाललाई नै ज्ञान आर्जन गर्ने मुख्य स्रोत बनाइरहेको पुस्ताले कसरी हेरिरहेछ आफ्नो ठाउँलाई ? कस्तो छवि/ईमेज बनाइरहेछ काठमाडौं र आफ्नो ठाउँको ?

सेप्टेम्बर १८ गते, राजन कठेतको एउटा कविता राजन श्रेष्ठले आफ्नो ईन्स्टाग्राम ह्यान्डलबाट प्रकाशन गरे । कवितामा काठमाडौंले काठमाडौं बाहिर बाट आएका मानिसहरूलाई हेर्नु पर्ने दृष्टिकोण बारे लेखिएको छः

"जब जब देशले क्रान्तिको महशुस गर्छ
काठमाडौं ले बोझिल, गुलिया नारा लेख्छ
मोफसलले यि नारा बोक्न नौजवाल पठाउँछ
जो यी नारा निधारमा खोपेर सडकमा निक्लिन्छ
र, शासकको नालमा गएर छाति थापिदिन्छ ।
तर काठमाडौं स्वार्थी छ ।
जब यो नौजवाल कोठा माग्न आउँछ
काठमाडौंले थर सोध्छ, ठेगाना खोज्छ र धपाउँछ ।
त्यसैले काठमाडौं तिमीले आफूलाई बदल्नुपर्छ,
अब दशैं लाग्दैछ-
सडक, चोक, घर खाली हुँदै छन्,
जब तिमी पुतलीसडक, डिल्लीबजारका
फुटपाथमा निक्लिन्छौं
तिम्रो मनले त्यो तिमीभन्दा सस्तो पहिरन
र झोला बोक्ने नौजवानलाई खोज्नुपर्छ,
तिनको सम्झना र अभावमा
तिम्रो आँखा टिल्पिलाउनुपर्छ ।
काठमाडौं
अब तिमीले यो नौजवानलाई
आफ्नो ठान्न सुरू गर्नुपर्छ ।"

ईन्स्टाग्राममा केही दिन यो पोस्ट र कविता साह्रै रुचाईयो । यो कवितासँग रिझिने मध्य अधिकांसहरू ईन्स्टाग्रामको साघुँरो परिधि नै भएता पनि काठमाडौंमा विभिन्न क्षेत्रमा उच्च मध्यम सांस्कृतिक चेतमा बहस पैरवी गर्ने ल्याकत भएका, अध्ययनका लागी काठमाडौं आइबसेकाहरू थिए । केही समयलाई मात्र भएपनि काठमाडौं र बाहिरो दूरी नाप्ने प्रयास बहसहरूमा भयो । यो विषय केन्द्रमा उठे पनि यसले काठमाडौंका मिडिया र संस्थाहरूबाट स्थान पाउन संभव पनि हुँदैन र सायद त्यो आशा व्यवहारीक पनि हुँदैन । या त "मोफसल-काठमाडौं सम्पर्क समाज" खोल्न पर्यो । कुरो के भने– "काठमाडौं र बुटवल (या अन्य कुनै पनि ठाउँ) कति टाढा?" भन्ने प्रश्न काठमाडौंबाट पनी सोध्ने मजस्ताहरू काठमाडौंको स्थानिय विकास/टोल विकास समितिसँग कुनै प्रकारको साक्षात्कारमा हुँदैनन् । हामीहरूले या त गैर सरकारी संस्थाको निकटतामा गएर काठमाडौं बाहिरको भैतिक विकासको, काठमाडौंकै ठूला मुद्दा जस्तै सम्पदा, बाग्मती, धुलो-मैलो'को र आफ्नो स्थानियता संलग्न बिनाका राष्ट्रिय स्तरमा महत्व हासिल गरेका स्थानिय सामाजिक मुद्दाहरू (जस्तै कुपोषण, छाउपडि..)मा सहभागी हुने गर्छौं, या त राष्ट्रियस्तरकै निति नियम परिमार्जनको भाष्यमा सहभागीता जनाउँछौ । त्यसरी त्यहाँको स्थानियतमा हामो संलग्नता नहुनाले सामाजिक समस्याको ज्ञान र निरूपणको योगदानबाट बिमुख हामी, हाम्रो आवाज सबैभन्दा चर्को र मिहिन हुने ठाउँ भनेको आफ्नै घर-गाउँ हो भन्ने कुरालाई स्मरण गर्न आवश्यक छ । मेरो आफ्नै अनुभवमा बुटवलमा स्थानियताकै आधारमा, कुनै पनी गैर-सरकारी संस्थाको नेतृत्व बिना सामाजिक बहस गर्न गराउन सम्भव छ र ति बहसको नतिजा कार्यन्वयन गर्ने क्षमता पनि अनुकुल छ ।

एक जना बुटवलकै साथीले भनेको याद आउँछ–"कलाको दृष्टिकोणमा बुटवल मृत-मृत लाग्छ ।" यसलाई पहिलो पटक म कोलकाता जाँदाको अनुभवसँग हेर्छु । पाँच दिनको कोलकाता भ्रमणमा इयरफोनमा बेङ्गाली गीत र सत्यजित रे'का फिल्मका ईमेज सम्झिँदै डुल्दा, मैले कल्पना र यथार्थको कोलकातामा केही पनि सामञ्जस्यता पाउन सकिन । चौथो दिन यसै डुल्दा रविन्द्र सरोवर ताल नजिकै एउटा एक्जिबिसन हलमा पुगे । त्यहाँ निम्न बिषयमा, फोटो र मल्टिमिडिया प्रदर्शनी भैरहेको थियोः

१. कोलकाता ठाउँको पहिचान नै बनिसकेको "स्कार्फ" को बनाउने प्रक्रिया, त्यसमा सहभागी मजदुरहरू र उनीहरूको जीवन दर्शाउने क्रियटिभ फोटो शैली ।

२. झ्यालका फोटोहरू जहाँ लेखिएको थियो– "झ्यालले मध्यम वर्ग र उच्च वर्गमा प्रकाशसँगै सौन्दर्य देखाउने काम गर्छ भने, निम्न र अति निम्न वर्गमा जसोतसो प्रकाश छिराउने काम गर्छ !" त्यहा देखाइएको थियोः स-साना झ्यालजस्ता, भेन्टिलेटर जस्ता प्रकाश छिर्ने प्वालहरू ।

३. मूर्तिकला– कुनैबेला कोलकाताका खेतियोग्य जमिनमा बड्दो सहरीकरण; खेत जोत्दै गरेका दुईजनाहरूको वरपर छड राखेर, छडमाथि अडिएको अहिलेको कोलकाता सहर !

नयाँ ठाउँलाई हेर्ने दृष्टिकोणको अभावमा रनभुल्ल भैरहेको बेला, त्यस दिन मलाइ महशुस भयो– कलाको महत्व एउटा ठाउँको कथा बोक्न, देखाउन र सहरको प्रतिनिधित्व गर्दै यसको पहिचान दिनमा हुँदोरहेछ । बुटवल र यसका महत्वपूर्ण ईतिहास (जस्तै नुवाकोट गढी, बुटवल टेक्निकल ईन्स्टिच्युट) र र समसामायिक विषयहरू (जस्तै छत्तिसे कुलोको प्रदूषण, गुणस्तरीय उच्च शिक्षाको अभाव)लाई कसरी देखाउन सकिन्छ होला? यो प्रश्न रह्यो ! यस्ता कलात्मक अभिव्यक्तिहरू कुनै क्याफेमा सजावटको रूपमा मात्र नभै, सामाजिक फोरम जस्तै प्रदर्शनी कोठाहरू, खुल्ला मञ्चमा राखिदा, इतिहासका ठाउँहरू घुम्दा, यसले सुरु गराउने गफगाफ, ब्रेन-स्टोर्मिङ, रिसर्च, हेरिटेज र इतिहाससँगको खुलदुलीमा ठूलो सहयोग पुग्छ भन्ने मेरो ठहर छ ।

बुटवलमा लाउन्ज-बार-क्लब-क्याफे खुलेसँगै म्युजिकमा रूची भएकाहरूलाई अडिने ठाउँ भयो । तर एकजना दाइले भनेको याद आउँछ "मेरो क्याफेमा म्युजिकमा प्यासन भाको टन्नै आउँछन्, तर गीत लेखन र म्युजिक कम्पोजिसनमा क्रिएटिभिटिको धेरै आवश्यकता छ" । यो क्रियटिभिटी के एउटामात्र संरचनाबाट सम्भव छ? सोच्न पर्ने कुरा छ– सिक्किम- दार्जिलिङबाट आउने म्युजिकमा लिरिक्स र सङ्गीत दुवै दमदार हुन्छन । के यो त्यहाँ सानै उमेर देखी हुने म्युजिक प्रशिक्षण र उच्च साहित्को प्रभावका कारण नहोला? जुनसुकै अवस्थामा पनि एउटा व्यक्ति क्रिएटिभि निस्केर योग्य ठहरिन सक्ला, तर समाजनमा नै सिर्जनात्मकता आउनु भनेको, नेपालको औसत सिनेमाको स्तर नै 'छक्का-पञ्जा'बाट माथि उठ्नु भनेजस्तो हो; द्वन्दकालमा सामाजिक चेतना र सङ्गीतको आम स्तर नै उकासिएको जस्तै ।

काठमाडौंमा देखिने शिक्षा, कलाकारिता, सामाजिक संस्था, व्यापार व्यवसाय, राजनीति आदिले एक-अर्कालाई दिने मानव संसाधन र सहयोगको कारणले काठमाडौंमा एउटा पेशाको मान्छे अरू विधाहरूसँगको अन्तर-संलग्नता अडिरहन सक्छ । यसले व्यक्ति-व्यक्ति, समूह-समूह गर्दै पुरै समाजको विचार निर्माण नै गर्ने गर्छ । ४-५ दशक अघि देखिएको बुटवल टेक्निकल ईन्स्टिच्यट-बुटवल पावर कम्पनी - बुटवल ईन्जिनियरिङ वर्क्स - डि.सी.एस्. कन्सल्टेन्ट - साना ठूला उद्ध्यमी र अन्यको सहकार्यले बुटवलको औधोगिक विकासमा गरेको योगदान यसै परिवेशमा बुटवलबाट उदाहरणीय छ ।

अझै हेर्ने हो भने– यसबारे इतिहास लेखिएको किताब "पावर फर नेपाल" मार्टिन चौतारीबाट अंग्रेजीमा प्रकाशन भएसँगै यसको नेपाली अनुवाद, यसबारे विमर्श र स्थानिय शिक्षामा यसको संलग्नताको अर्को ईकोसिस्टम खुलेको छ । यसले एउटा बिधा समाजमा एक्लै चल्न खोज्दा खोज्दै टाँट पर्ने स्थिति बन्द हुने आशा बिउँत्याउछ । मोफसलमा छिट-फुट नाटक, पेन्टिङ, साहित्य, फोटोग्राफी र शिक्षा, कानुन, वित्त सँग जोडिएका कार्यशालाहरू, प्रशिक्षणहरू हुनु सह्रानीय छ । कुनै दिन यी सबैलाई स्थायित्व दिने, संस्था बनाएर लैजाने दिन आउदा– जनशक्ति तयार पार्न र यसको कल्पनाशीलता ज्युदो राख्न– सामाजिक छलफलका कार्यक्रमहरूको आवश्यकता रहिरहनेछ ।

संस्मरण

# राष्ट्रिय गानको पार्श्वकथा

बुंद राना

"आगो निभाउनलाई पानी बनेर आऊ !
आहा भनुन् सबैले ज्ञानी बनेर आऊ !"

समयको आफ्नै गीत छ । एकनासको । एक्सेलेटर बटारेर मोटरसाइकलको गति बढाए झैं समयको गति बढाउन सकिँदैन । समय भित्तेघडी पनि होइन दिएको दम वा हालेको बेट्री सिध्दिना साथ अडिने, नचल्ने ।

मानिसले आफुले गरिआएका क्रियाकलाप र गतिविधिलाई व्यवस्थित तुल्याउन समयको नाम राखेको छ– भूत, वर्तमान र भविष्य । यो ठीक गरेको छ । यसो गर्नाले सजिलो भएको छ मान्छेले सम्पन्न गरिआएका क्रियाकलापबारे बुझ्न र देख्न अथवा भनौं इतिहास लेख्न ।

२०५४ सालको कुरा हो । काठमाडौंबाट निम्ता आयो । केवलपुरे प्रतिभा पुरस्कार गुठीले मलाई केवलपुरे प्रतिभा पुरस्कार दिने निर्णय गरेको रहेछ । त्यो बेलासम्म मेरा जम्मा तीनवटा कृति दुईवटा बालकविताका र एउटा खण्डकाव्य– अब किन मान्थिन् प्रकाशित थिए ।

छनौट समितिले मलाई किन छान्यो होला ? मनमा कौतुहल नउठ्ने कुरा थिएन । उठ्यो । समितिलाई सोध्ने कुरा पनि भएन । जुन व्यक्तित्व प्रतिभाको नाममा त्यो पुरस्कार स्थापना थियो तिनको नाम सुनेको भए पनि त्यति साह्रो तिनका योगदानबारे सुनेको, पढेको थिइनँ ।

त्यो पुरस्कार थापिरहँदाको अवस्थामा पो जान्न पाएँ उनी देवीप्रसाद पौडेल रहेछन् । साहित्य र समाजप्रतिको समर्पणभावले उनी देवीप्रसाद किसान हुँदै केवलपुरे किसान बन्न पुगेका । केवलपुर उनको जन्मस्थान, उनको आस्था र आदर्श किसान ! अनि उनी बन्न पुगेछन् देवीप्रसाद पौडेलबाट केवलपुरे किसान ।

किसान, मजदूर र सर्वसाधारणलाई सिर्जनाको शीर्षमा राखी त्यसैमा समर्पित रहेछन् उनी । उनका रचना लोकलयमा लेखिँदा रहेछन् । मैले पनि लोकलय पच्छ्याउँने गरेको थिएँ । सर्वसाधारणलाई नै केन्द्रमा राखी अन्धविश्वासबाट पीडितहरूको कथा व्यथा बुनेर खण्डकाव्य लेखेको थिएँ– अरु किन मान्थिन् ।

हुनसक्छ केवलपुरे किसानको अनुयायी हो भन्ठानेर मलाई पुरस्कार निम्ति छानिएको । पुरस्कार वितरण कार्यक्रममा स्वयम् केवलपुरे किसानको उपस्थितिले मलाई निकै हर्षित तुल्याएको थियो । उनीसँगको छोटो बसाइमा मलाई बुझ्न गाह्रो भएन उनी साँच्चिकै किसान वर्गप्रति समर्पित थिए ।

उनको स्मृति ग्रन्थ प्रकाशित हुँदा मैले त्यसमा उनको योग्य उत्तराधिकारीको अभाव हुनजाला कि भनी आशंका व्यक्त गरेर कविता श्रद्धा प्रस्तुत गरेको थिएँ– बिँडो कल्ले धान्ला ?

गरा मुनि गरा हुन्छ गरा माथि कान्ला !
केवलपुरे किसानको बिँडो कल्ले धान्ला ?

किसानप्रति समर्पित यी दुई पंक्तिमा मुख्य रूपले तीनवटा शब्द प्रयोग गरिएका छन्– गरा, कान्ला र बिँडो । यहाँ 'गरा' लेखिसकेपछि मलाई लाग्यो, कतै मैले गलत त लेखिनँ हुनपर्ने 'गह्रा' हो कि ? नेपाली बृहत शब्दकोश मोबाइलमा डाउनलोड गरेर राखेकै थिएँ । खोलेँ । खोजेँ । कतै देखिएनन् गरा र गह्रा ! चित्त बुझेन र २०७५को ठेली नै पल्टाएँ । पल्टाउनु मात्र भयो । समय खेर गयो । तै हार मानिनँ । शब्दकोशका पाना पल्टाउँदै 'ग'बाट 'प'मा पुग्दा बल्लतल्ल भेटियो 'पाटो' अर्थात् बारीको विशाल चकला, भन्ने अर्थ लगाइएको ।

जिमिनलाई विविध प्रयोजनका लागि आली बाँधी छुट्याइएको भागलाई 'गरा'भन्ने आम प्रचलन छ । यो 'गरा' शब्दकोशमा अझै अटाइनसकेको रहेछ । आशा गरौं भविष्यमा अटाउला ।

बिँडो यो शब्दको तौल क्वीन्टलले नापेर नापिन्न । बिँडो जति भन्न सजिलो छ त्यति नै गाह्रो हुन्छ बिँडो धान्न । बिँडो एक अर्थमा इज्जत, प्रतिष्ठा हो भने त्यसैको सेरोफेरोमा बिँडो भनेको उत्तराधिकार पनि हो । इतिहासमा बहुतै कम सन्ततिले आफ्ना पुर्खाको बिँडो धानेको पढ्न पाइन्छ । बिँडो धन्ने काम सोंचे जति सहज हुँदैन, छैन ।

पछिल्ला केही सामाजिक राजनीतिक घटनाहरू सिंहावलोकन गर्ने हो भने बि.पी.को बिँडो बि.पी.का अनुयायीहरूले, त्यस्तै पुष्पलाल, मदन भण्डारीको बिँडो तिनका उत्तराधिकारीहरूले लिएको देखिँदैन ।

मदन भण्डारीको नाम आउँदा लेख्न मन लाग्यो– मदन बाँचेको भए महाकाली सन्धी हुन दिँदैन थिए । यो सन्धीले नेपाली जनतामा थोरै भए पनि आशा र भरोसाको भाव सञ्चार गर्न पुगेको पार्टी एमाले भताभुङ्ग हुन पुग्यो । नदीका दुई किनार जस्तै दुई धारमा बग्यो । बगेको यो भेलमा बडेबडे हस्तीहरू बगे । अर्को किनारतिर लागे, बूँद भने मूलधारमै अडिएर बसिनै रह्यो ।

२०६१ सालमा एउटा सिर्जनाकर्मी हुनुको नाताले मेरा लागि सुखद रह्यो । वाङ्मयको सर्वोच्च संस्था नेपाल प्रज्ञा प्रतिष्ठानको प्राज्ञ सभा सदस्यमा म मनोनयन गरिएछु । त्यहाँ रहिरँहदाको मेरो अनुभवले भन्छ– प्राज्ञ सभा देखाउनका लागि मात्र रहेको छ, त्यसको प्रभावकारी भूमिका अझ प्रष्ट हुनसकेको छैन ।

२०६४ मा बल्ल बहुदलीय सत्तालाई पुरानो राष्ट्रगान फेर्नुपर्छ । भन्नलाई राष्ट्रगान भनिए पनि त्यो व्यक्ति स्तुति नै थियो । राजाको प्रशस्ति गान थियो । उनकै गुणगान थियो । संस्कृति मन्त्रालयले राष्ट्रगान चयन कार्यदल निर्माण गरेछ, जसमा म पनि राखिएछु ।

चौध सदस्यीय कार्यदलको संयोजक वरिष्ठ संस्कृतिविद् सत्यमोहन जोशी थिए । सिंगो कार्यदललाई तीन भागमा बाँडेर पूर्वाञ्चल, मध्यपश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चलको जिम्मा लगाइएको थियो ।

म सुदूर पश्चिमको संयोजक तोकिएको थिएँ । मेरा अन्य सहयोगीहरूमा कवि अमर गिरी र लोक गायक नन्द जोशी थिए । हामी सिर्जना बटुल्न बाटो लाग्यौं । कवि साहित्यकारहरूको यात्रा यसै पनि आनन्ददायी हुने गर्छ । त्यसमा गायक थपिए पछि झन् के कुरा गर्नु रमाइल्यै रमाइलो ! बाटो लागे पछिको पहिलो कार्यक्रम दाङ जिल्लाको घोराहीमा गर्न पुग्यौं । पूर्व सूचनानुसार जमघट राम्रो थियो । उपस्थितिलाई कार्यदलले तैयार पारेको मापदण्डबारे बोध गराउने र राष्ट्रिय गान लेख्न प्रेरित गर्ने हाम्रो मूल उद्देश्य थियो । त्यो कुरा बताइरहँदा सम्मेलनका सहभागीहरूबाट पक्षपात त हुँदैन भन्ने आशयकका प्रश्नहरू सोधिएका थिए । जुन कुरा हामीमा वा हाम्रो समाजमा चलिआएको भनसुनका अवस्था अनुरूप थियो । हामीले आश्वस्त पार्‍यौं– "अब त्यस्तो हुँदैन, हिजो अस्तिको गल्ती दोहोरिँदैन ।"

दोस्रो कार्यक्रम नेपालगञ्जमा र तेस्रो धनगढीमा सुसम्पन्न गरियो । हामीलाई एकसाताको समय दिइएको थियो । तोकिएकै समयमा हामीले आफ्नो मिशन पुरा गरेका थियौं ।

यो यात्रामा नन्दकृष्ण जोशी हामीसँग हुनु निकै सुखद हुन गयो । उनी श्रव्य र दृश्य दुवै स्रोतका चर्चित हस्ति । जहाँ पुग्यो, उनलाई चिन्ने उनका चहेताहरूले घेरिहाल्थे । देउडा सुनाउन आग्रह हुन्थ्यो ।

गल्ली होस् कि चोक होस् । चिया पसल होस् कि होटल । जोशीलाई केही फरक नपर्ने उनी साँच्चिकै जनकलाकार हुन् । जहाँ जनता त्यहाँ जोशी– भेरी होस् कि कोशी ! जोशी सुरु भै हाल्थे भन्न– झ्याम्म, झ्याम्म ! यता उनी सुरु हुन्थे गाउन उता फर्माइस गर्नेहरू थाल्थे नाच्न । कल्पना गर्नोस् कति रमाइलो गरी बित्यो होला हाम्रो त्यो सात दिनको यात्रा । साँच्चै भन्ने हो भने त्यो सात दिन सात मिनेट मै बितेजस्तो भाथ्यो हाम्रो ।

भनिन्छ संगत गुनाको फल । मैले पनि त्यो फल पाएँ । मलाई पनि त्यो फल अर्थात् सुदूरको प्रियलय भाका देउडाको केही अंश लाभ भयो र देउडा गीत लेखिटोपलेँ । टोपलेँ यसअर्थमा कि भर्खर कखरा सिक्दै ।

कर्णालीको माछा दामी चितौनको गैंडा– झ्याम्म-झ्याम्म
जाँगरीका गोडालाई क्यान लाग्थ्यो कैंडा–झ्याम्म-झ्याम्म ।

यो गीत चिनौन भरतपुर क्यान्सर अस्पतालको सभा कक्षमा सुनाउँदा, विद्यार्थीहरूले निकै रमाइलो मानेका थिए ।

संकटहरू मध्ये सबैभन्दा ठालु संकट हो, विश्वासको संकट । अन्य संकटको समाधान खोज्न सजिलो छ तर विश्वासको संकटको समाधान त्यति सजिलो छैन ।

यसै सन्दर्भमा स्यानो प्रसंग जोड्न चाहें । नेपाली समाजमा चलिआएको एउटा थेगो– ठूलालाई चैन सानालाई ऐन । यसैको अन्तर्यमा राष्ट्रिय गान चयन कार्यदलले पनि समस्या व्यहोर्नु पर्‍यो । केही पत्रपत्रिकाले लेखि पनि हाले– यो कार्यदल भनेको मात्र औपचारिकता पूरा गर्न गठन गरिएको हो, राष्ट्रिय गान स्थापित, चर्चित र सरकारद्वारा संरक्षित सर्जकको नै चयन हुन्छ । यो भनाइ र हिजोदेखि चलिआएको गलत प्रवृत्तिका कारण त्यति उत्साहपूर्वक राष्ट्रिय गान लेखनमा सहभागिता जनाएनन् धेरैजसो सर्जकहरूले । भनिहालेँ विश्वासको संकट थियो ।

कार्यदल खटाएर, सञ्चार माध्यमहरूमा विज्ञापन छपाएर, सूचना प्रसारण गरेर अनेकानेक प्रयत्न पश्चात् जम्म तेह्रसय जति सिर्जना प्राप्त भएका थिए । प्राप्त रचनालाई निर्धारित मापदण्डको कसीमा निकै मसिनो गरी केलाउँदा प्राप्त हुन आएको थियो– सयौं थुँगा फूलका हामी...।

उत्कृष्ट दसोटा सिर्जनाका सर्जकहरूमा कवि तथा वरिष्ठ समिक्षक रामप्रसाद ज्ञवाली पनि पर्नुभएको थियो । उत्कृष्ट भएर पनि मापदण्डको आधारमा सर्वोत्कृष्ट हुन पाएको थिएन उनको सिर्जनाले । पछि विविध मञ्चहरूमा उहाँको गुनासो– मप्रति कार्यदलले न्याय गरेन ! भन्ने सुनियो । यो गुनासो उहाँमा अझै पनि विद्यमान रहेको हुनसक्ला, तर उहाँको गुनासो तथ्यमा आधारित नभएर भावावेशमा आएको हुनुपर्छ, गुनासोका क्रममा जातिलाई मुछेर उनले गरेको टिप्पणी सरासर गलत थियो । भन्न सकिन्छ यहाँ पनि विश्वासको संकटले काम गरेको हो ।

व्यक्तिगत कुरा छाडौं जहाँ राज्य र नागरिकका बीच विश्वासको संकटको अवस्था रहन्छ त्यो देशको उन्नतिका बाटाहरू अवरुद्ध हुन पुग्छन् । नेपालमा विश्वासको संकटको बादल झन्झन् बाक्लिँदै गइरहेको देख्न सकिन्छ ।

दशैं आउन धेरै दिन छैन, भनौं दशैं शुरु भइ पनि सकेको छ । हामी नवरात्रमा छौं । भर्खर देशमा विश्वासको संकटको बादल बाक्लो हुँदै गएको भन्दै थिएँ । सेलरोटी पकाउने सल्लाह थियो घरमा । कति छिमेकीको भर पर्नु यस पालि आफैले सेल पोल्ने भनेका थियौं । अन्दाजै अन्दाजमा सामग्री तयार पारियो । खारिएको तेलमा सेल हाल्न खोजेको, सेलले आकार नै लिएन । फन्को नपुग्दै टुक्रिन थाल्यो । लाग्यो पिठो पातलो भएछ । अतिरिक्त थियो पिठो । थपियो । जाने झैं गरेर पिठौं फाँडियो । कराहीमा ताती रहेकै थियो तेल, त्यसमा सेल हालियो । सेलले फेरि पनि उही गति लियो । टुक्रियो बिचैमा । फन्को पूरा गरेन ।

एकछिन त सेल नबनेकोमा चिन्ता लाग्यो । चिन्ता भगाउन अरु कसैले नजानेको नेपाली आइडिया लगाउने निश्चय गरेँ । सोंचे, गोलो, चेप्टो, बाक्लो, पातलो आकारमा जेजस्तो भए पनि पाक्ने त पिठो नै हो । खाने पनि त्यही पाकेको पिठो नै हो । गालो आकारको सेल नै खानुपर्छ भन्ने के छ र ?

यो विचार मनमा आउने बित्तिकै डाडु हातमा समातिहालें । डाडुले पिठो नाप्दै ताइमा हाल्न थालें । एकपटकमा एउटा मात्र सेल पाक्ने ठाउँमा चार पाँचवटा मालपुवा पाक्न थाले एकैचोटि । घरमा टीक थाप्न आउने जति सबैलाई यसपालि सेल बनाइएन, मालपुवा खाने मन लाग्यो, भनियो । ख्वाइयो ।

चाडबाडका परिकारहरूमा मलाई बटुक अरुभन्दा बढी मन पर्छ । बटुक बनाउँदा पनि एकपल्ट त्यस्तै भयो । सामग्री गीलो भएर बनाउँछु भनेको बटुकले आकार लिएन । मेरो पालो चुम्कीको भरमा पिठो टिप्दै ताइमा हालें । पाकेर राता ताता फुरौला निस्किन थाले ताइबाट । स्वादमा बटुर यो फुरौलाको कत्ति पनि भिन्नता थिएन । भिन्नता थियो भने मात्र आकारको ।

सेलबाट मालपुवा, बटुकबाट फुरौलाले दिने ज्ञान के हो भने तत्काल आइपर्ने समस्याबाट आत्तिएर नभै अन्य विकल्पको खोजी गर्नु पर्छ, समस्या समाधान गर्नमा यो प्रयासले सहयोग पुर्‍याउँछ । समस्यामा नै सम्भावना देख्नुपर्छ ।


## कृषि ज्ञान केन्द्र गुल्मीको कार्यक्रम संचालनका लागि आवेदन/प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/०७/१५)

यस कार्यालयको आर्थिक बर्ष २०८२/२०८३ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिल अनुसारका कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकहरुले सूचना प्रकाशित भएको मितिले ३० दिन (मिति २०८२/८/१० गते) सम्म तथा विउ आत्मनिर्भर कार्यक्रम अन्तर्गत गहूँ बीउ उत्पादन कार्यको हकमा प्रकाशित मितिले १५ दिन (मिति २०८२।०७।२५ गते) सम्म यस केन्द्रमा तपशिल अनुसारका कागजातहरु सहित केन्द्रले निर्धारण गरेको ढाँचामा कार्यक्रम प्रस्ताव सहित आबस्यक कागजाँत संलग्न गरी निवेदन पेश गर्न हुन सम्बन्धित सबै (कृषक समुह/कृषक सहकारी/कृषक उद्यमी/फर्म/कम्पनी) को जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढाँचा ब्यवसायिक योजना संलग्न गर्नुपर्ने कागजात संचालन कार्यविधि कृषि ज्ञान केन्द्रको वेभ साइट (gulmi.akc.gov.np) बाट प्राप्त गर्न सकिने छ ।

**कार्यक्रमहरु**

| | |
|---|---|
| १) सिचाँइ सहित कृषि विकास कार्यक्रम । | ६) स्थापित किवी वगैचामा पोल सहयोग कार्यक्रम । |
| २) विउ आत्मनिर्भर कार्यक्रम । | ७) सुन्तला कागतीखेती प्रवर्धन कार्यक्रम (कालीगण्डकी गा .पा. )। |
| ३) रैथाने वाली तथा स्थानिय जातका वाली प्रबर्धन कार्यक्रम । | ८) एभोकाडो प्रवर्धन कार्यक्रम (कालीगण्डकी गा. पा.)। |
| ४) तरकारी तथा वर्षे आलु प्रवर्धन कार्यक्रम । | ९) उखुँ प्रवर्धन कार्यक्रम । |
| ५) किवी प्रवर्धन कार्यक्रम (गुल्मीदरबार गा .पा. )। | १०) सहकारी मार्फत कृषि रुपान्तरण कार्यक्रम । |

**थप जानकारीका लागि**

कृषि ज्ञान केन्द्र गुल्मी फोन नं :०७९ ५२०१२६ मोबाइल नं:९८५७०८५१२६ वेभ साइट gulmi.akc.gov.np


**संसद**...

पत्रकार सम्मेलनमा राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले कांग्रेस, एमाले, माओवादी, रास्वपालगायत दलहरुले नागरिकता विधेयकमा राष्ट्रघात गरेका र संसदीय समितिमा राष्ट्रिय जनमोर्चालाई एक्लो बनाएर विधेयक पारित गरेको बताए। उनले जनताले कुन दल राष्ट्रियताको पक्षमा छ भन्ने बुझ्न नसक्दा चुनावमा आफ्नो दलले धेरै सिट जित्न नसकेको गुनासो गरे । उनले आगामी चुनावमा राष्ट्रिय जनमोर्चा एक्लै चुनाव लड्ने समेत बताए । केसीले अहिलेको परिस्थिति आउनुमा नेता मात्रै दोषी नरहेको टिप्पणी गरेका छन् ।

उनले भ्रष्टाचारीहरूलाई स्वीकारेर निर्वाचित गराउने जनता पनि बराबर दोषी रहेको बताए ।

उनले आफूले संसद्मा धेरै पहिलादेखि बंगलादेशको हविगत भोग्नुपर्ने चेतावनी दिँदा कसैले नसुनेको स्मरण गराए । जनतालाई सत्य कुरा बुझाउनुपर्ने जरुरी रहेको उनको भनाइ छ ।

उनले भने-'अहिलेका जुन विकराल परिस्थिति छ, भ्रष्टाचारीलाई स्वीकारेर पठाउने जनता नै हुन् । अहिलेको परिस्थितिमा राजनीतिक दलका नेता मात्रै जिम्मेवार छैनन् । मैले बंगलादेशको हविगत व्यहोर्नुपर्छ भनेर मैले भनेको थिएँ । सत्य कुरा जनतालाई बुझ्न समय लाग्छ । हाम्रा पनि कमी कमजोर भिए होलान् । जनतासँग हामीले पनि बुझाउनुपर्ने हुन्छ ।'

उनले राजनीतिक दलहरूले आफ्नो स्वार्थका लागि विदेशी मुलुकको मुद्दा बोक्ने गरेको आरोप लगाए ।



तुलसी विवाहः

हरिबोधिनी एकादशी अर्थात् तुलसी विवाहका लागि शुक्रबार भैरहवा मैत्री पथमा बेच्नका लागि राखिएको सिंगडा, सखरखण्ड र उखुलगायतका बस्तु । तुलसीलाई चढाउने र व्रतालु भक्तजनहरुले फलारको रुपमा खाने यि वस्तु किन्दै सर्वसाधरण । तस्विरः मोहम्मद हबिब/भैरहवा

# नगरपालिकालाई दमकल हस्तान्तरण



परासी । जापान सरकारको सहयोगमा युनाइटेड मिशन टु नेपालद्वारा सुनवल नगरपालिकालाई दमकल हस्तान्तरण गरिएको छ। हस्तान्तरण गरिएको दकमल सुनवल नगरपालिकाले कार्यालयमा विधिवत पूजापाठ गरी भित्राएको छ।

नगरप्रमुख विमला अर्यालले कार्यालयमा पूजापाठ गरेकी हुन् । दमकल आएपछि समग्र सुनवलमा विपद् जोखिमलाई धेरै हदसम्म कम गर्न सघाउ पुग्ने उनले बताइन् । उनले सुनवलमा आगलागी हुँदा छिमेकी पालिकाबाट दमकल ल्याउनुपर्ने अवस्थाको अन्त्य भएको जनाइन् । उनले सुनवल नगरपालिकामा दमकल नहुँदा रामग्राम बर्दघाट नगरपालिकाबाट दमकल ल्याउनुपर्ने र आगलागी हुँदा धनजनको क्षतिबाट पालिकामा हुने क्षति कम हुने विश्वास व्यक्त गरिन । 'सुनवल क्षेत्रमा आगलागी हुँदा नगरवासी नगरपालिकाप्रति नकारात्मक टिका टिकाटिप्पडी गर्ने सो कुराको अन्त्य भएको भन्दै अब छिट्टै दमकल सञ्चालन गर्न जनशक्ति राखि सञ्चालन हुनेछ।'-उनले भनिन् । यो सहयोगले स्थानीय तहमा आगो नियन्त्रण र विपद् व्यवस्थापन क्षमता सुदृढ गर्ने लक्ष्य लिएको अर्यालको भनाइ थियो ।

जापान सरकारले हस्तान्तरण गरेको दमकल सञ्चालन कार्य विधि बनाएर सञ्चालन गरिने र ६ जना कर्मचारी आवश्यक पर्ने तथा यसमा थप पनि हुनसक्ने उनले जानकारी दिइन ।

दमकल आएसँगै त्यसक्षेत्रका नगरवासीहरू हर्षित भएका छन् । उनीहरू घर, गोठ, पसलमा आगलागी हुँदा नगरपालिकामा दमकल नहुँदा धेरै क्षति हुने गरेको र छिमेकी पालिकाबाट आउँदा ढिला हुँदा क्षति हुने गरेको र अब आफ्नै पालिकामा दमकल आउँदा क्षति कम हुनेमा नगरवासीहरू विश्वस्त छन् ।

जापान सरकारको सहयोगमा देशका ६ वटा पालिकालाई दमकल उपलब्ध गराइएको छ । बिहीबार काठमाडौंमा एक कार्यक्रमको आयोजना गरी पालिका प्रमुखहरुलाई दमकल हस्तान्तरण गरिएको थियो । जापान सरकारले नवलपरासीका दुई पालिकासँगै ओखलढुङ्गाको खिजिदेम्बा गाउँपालिका, कपिलवस्तुको मायादेवी गाउँपालिका, पाल्पाको तानसेन नगरपालिका र रैनादेवी छहरा गाउँपालिकालाई दमकल हस्तान्तरण गरेको छ।

# जेनजी आन्दोलनमा फरार कैदी अध्यागमनको कालोसूचीमा

बुटवल। जेनजी आन्दोलनको क्रममा कारागारबाट फरार भएकामध्ये करिब पाँच हजार कैदीबन्दीलाई अध्यागमनको कालोसूचीमा राखिएको छ।

२४ भदौको आन्दोलनको क्रममा देशभरका कारागारहरूबाट १५ हजारभन्दा कैदीबन्दीहरू फरार भएका थिए । तीमध्ये अझै ५ हजारभन्दा बढी कैदीबन्दीहरू फरार छन् ।

फरार भएका कैदीबन्दीहरू विमानस्थल प्रयोग गरेर विदेश भाग्न सक्ने भन्दै उनीहरूलाई कालोसूचीमा राखिएको छ । कारागार व्यवस्थापन विभागले पठाएको विवरणका आधारमा करिब पाँच हजार कैदीबन्दीहरूलाई कालोसूचीमा राखिएको हो।

अध्यागमन विभागका महानिर्देशक रामचन्द्र तिवारीका अनुसार ५२९ भारतीय कैदीलाई अध्यागमनको कालोसूचीमा राखिएको छ। त्यसैगरी ४ हजार २६६ नेपाली कैदीबन्दीहरू पनि अध्यागमनको कालोसूचीमा परेका छन् ।

ठूलो संख्यामा कैन्दीबन्दीहरू फरार भए पनि उनीहरूको पासपोर्ट, नागरिकता नम्बरहरू यकिन हुन नसक्दा अरू कैदीबन्दीहरूलाई कालोसूचीमा राख्न अप्ठेरो परेको विभागको बुझाइ छ।

नामको आधारमा मात्रै कालोसूचीमा राख्दा सोही नाम गरेको अर्को व्यक्तिले दुःख पाउने सम्भावना रहने भएकाले पासपोर्टको विवरण उपलब्ध भएसम्मका कैदीबन्दीहरूलाई कालोसूचीमा राखिएको बताइएको छ।

# गलकोट नगर अस्पताल : सुत्केरी हुन अन्यत्र जानुपर्दैन

ढोरपाटन । बागलुङ्को गलकोट नगर अस्पतालमा प्रसूति हुन आउने गर्भवतीको संख्यामा पछिल्ला वर्षमा वृद्धि भएको छ । सो अस्पतालमा गत वर्षदेखि शल्यक्रियासहितको सेवा सुरुआत भएको थियो । सुत्केरीका लागि सामान्य सेवा लिन पनि पोखरा र काठमाडौँका अस्पतालमा पुग्नुपर्ने अवस्था अन्त्य भएको छ।

प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नति गर्ने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नीतिअनुसार नगरपालिकाले २०७९ पौस १७ गते गलकोट प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नति गरी वडा नं ५ को हरिचौरमा १५ शय्याको नगर अस्पताल सञ्चालनमा ल्याएको छ। पहिले वार्षिक ५० जना सुत्केरी हुन आउने गरेकोमा अहिले त्यो संख्या बढेर करिब २०० पुगेको नगर अस्पताल प्रमुख डा.राजेश पौडेलले जानकारी दिए । अस्पतालमा २०८१ असोज १६ गतेबाट शल्यक्रियामार्फत् प्रसूति सेवा सुरु भएपछि पछिल्लो समय सुत्केरी हुन आउने महिलाको संख्या बढेको उनको भनाइ छ।

एक वर्षको अवधिमा ३५ जना गर्भवतीलाई शल्यक्रियामार्फत् सुत्केरी गराइएको डाक्टर पौडेलले बताए । गलकोटसँगै बागलुङ्को ढोरपाटन नगरापलिका, निसीखोला, ताराखोला, तमानखोला गाउँपालिकासहित गुल्मी र म्याग्दीका बिरामीले पनि यहाँबाट सेवा लिने गरेको डा.पौडेल बताउँछन् ।

"अस्पतालप्रति विश्वास बढेर होला पछिल्लो समय धेरै बिरामी यहाँ आउनुहुन्छ, बागलुङ्का मात्रै होइन अन्यत्र जिल्लाबाट पनि बिरामी यस अस्पतालमा आएर सेवा लिइ राख्नु भएको छ, पहिले सुत्केरी हुनका लागि धेरै गर्भवती बागलुङ, पोखरा पुग्ने अवस्था थियो," डा पौडेलले भने-"अहिले यही आउने गर्नु भएको छ, अझ गतवर्षदेखि हामीले शल्यक्रियानै गर्न थालेपछि त झन् धेरै गर्भवती सुत्केरी हुन यहाँ आउनुहुन्छ।"

टाढाबाट सुत्केरी हुन आउनेका लागि अहिले अस्पताल परिसरमै प्रसूति प्रतिक्षा घर सञ्चालनमा ल्याइएको छ। जहाँबाट सुत्केरी र सुत्केरीका आफन्तले अस्पतालमा बस्दासम्म खाने र बस्नेको सुविधा पाउने भएका छन् । अस्पतालमै खाना बस्नको सुविधा पाएपछि गर्भवती र उनका आफन्तलाई सहज भएको छ । अस्पतालमा घरकै जस्तो वातावरण रहेको बडिगाड गाउँपालिका-६ बाट बुहारीलाई सुत्केरी गराउन आएकी रुपा सुनारले बताइन् । बुहारीको शल्यक्रिया गरेर नवजात शिशु निकालेको जनाउँदै आफू पाँच दिनदेखि अस्पतालमा रहेको प्रसूति प्रतिक्षा घरमै बस्दै आएको उनको भनाइ छ।

सुनारले भनिन्-"यसभन्दा अगाडि अरु अस्पतालमा बिरामी भएर गएका थियौँ, त्यहाँ बस्ने, उभिने पनि ठाउँ पाएका थिएनौँ तर यहाँ त बासनै बस्न पाइने खाना पकाएर खान पाइने सुविधा रैछ, यहाँका डाक्टर र नर्सले पनि बिरामीको धेरै ख्याल गर्नु हुँदो रैछ, धेरै खुसी लाग्यो, यहाँको जस्तो सुविधा अरु अस्पतालमा भए कति सहज हुन्थ्यो होला ?"

# लुम्बिनी लायन्समा रूपन्देहीका चार जनासहित विदेशी खेलाडी



भैरहवा । आगामी मंसिर १ देखि २७ गतेसम्म काठमाडौंमा हुन गइरहेको नेपाल प्रिमियर लिग (एनपीएल) को तयारी तिव्र पारिएको छ।

नेपालका ७ वटै प्रदेशको प्रतिनिधत्वसहित हुन गइरहेको प्रतियोगितामा लुम्बिनी प्रदेशको टीम लुम्बिनी लायन्सको पनि सहभागिता रहनेछ।

शुक्रबार रुपन्देही क्रिकेट संघको आयोजनामा लुम्बिनी लायन्सको व्यवस्थापकीय टिमबिच शुभकामना तथा अन्तरक्रिया कार्यक्रम भएको छ । रुपन्देही जिल्ला मात्र नभई समग्र यो प्रदेशको प्रतिनिधित्व गर्ने लुम्बिनी लायन्सलाई यस क्षेत्रका क्रिकेटप्रेमीहरुले विजेताको शुभकामना दिएका छन्। कार्यक्रममा बोल्दै नेपाल क्रिकेट संघका निवर्तमान कार्यबाहक सचिव प्रशान्तविक्रम मल्ल, रुपन्देही क्रिकेट संघका संस्थापक अध्यक्ष प्रेमकुमार सेन्चुरी, रुपन्देही क्रिकेट संघका सल्लाहकार देवराज न्यौपाने, लुम्बिनी प्रेस क्लबका अध्यक्ष कमल रायमाझीलगायतले क्रिकेटको विकासका लागि संयमित, संवेदनशील भएर ग्रास रुटबाट लाग्नु पर्ने, खेलाडीको मनोबल उच्च बनाउने काम गर्नुपर्ने बताए । क्रिकेटको विकासका लागि निजी क्षेत्रबाट सहयोग भइरहेका र प्रदेशका सबै जिल्लामा क्रिकेटको विकास क्रमिक रुपमा बढ्दै गए पनि रुपन्देही सर्वोत्कृष्ट रहेको छ।

रुपन्देही क्रिकेट संघका अध्यक्ष हरिबहादुर थापाले लुम्बिनी लायन्स हाम्रो टीम हो, हाम्रो प्रदेशको टीम हो भन्ने सन्देश दिन जरुरी रहेको बताउँदै लुम्बिनीवासीको साझा टिम 'लुम्बिनी लायन्स' लाई एनपीएल उपाधि जिताउनु पर्ने बताए।

लुम्बिनी लायन्सकी प्रमुख कार्यकारी अधिकृत भावना घिमिरेले रुपन्देहीका ४ जना खेलाडीसहित विदेशी ५ र अन्य खेलाडी गरी लुम्बिनी लायन्सको टिम बनेको बताइन । उनले यस पटक नेपालगञ्जमा ट्यालेन्ट हन्टबाट खेलाडी छनौट गरेता पनि आगामी दिनमा प्रदेशका सबै जिल्लाको प्रतिनिधित्व हुने गरी जिल्लागत रुपमा छनोट गर्ने बताइन । हाम्रो इच्छा केन्द्रिकृत नभई विकेन्द्रिकृत रहेको बताउँदै उनले नेपाल क्रिकेट संघमा भएको कामको अनुभवले सबैको भावना समेट्ने बताइन।

# 'राप्ती प्रतिष्ठानमा युरोलोजी सेवा प्रभावकारी'



दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा युरोलोजी सेवा सुरु भएसँगै सेवा पनि प्रभावकारी बन्दै गएको छ । प्रतिष्ठानका युरोलोजिष्ट सर्जन डा. सुशिल खनियाँको नेतृत्वमा चिकित्सकहरु डा. विवेक थापा, डा. पङ्कज नेपालिसहित नर्श र स्वास्थ्य कर्मीहरुको टोलिले सानादेखि ठुला अप्रेसनहरु धमाधम गरिरहेको संस्थाले जनाएको छ । प्रतिष्ठानले दिएको जानकारीअनुसार युरोलोजीको ओपीडीबाट दैनिक ७० भन्दा बढी बिरामीहरुले परामर्शसहितको स्वास्थ्य सेवा लिएका छन् ।

गएको जेठदेखि असोज मसान्तसम्म २ सय ७७ जना बिरामीले युरोलोजी सेवा लिएका हुन् । युरोलोजी सेवा जिल्लामा नहुँदा बिरामीहरु सामान्यदेखि विशिस्टकृत सेवा लिन जिल्ला बाहिर जानुपर्ने बाध्यता यसअघि भए पनि प्रतिष्ठानमा अत्याधुनिक उपरकणसहितको उक्त सेवा बिस्तार भएपछि अहिले त्यो समस्याको समाधान भएको छ। युरोलोजिष्ट सर्जन डा. खनियाँका अनुसार १ सय ५७ जना मिर्गौलामा भएको पत्थरीका बिरामीको गम्भीर प्रकृतिको अप्रेसन भएको छ भने मध्यम खालको २२ जना र ९९ जना बिरामीको सामान्य अप्रेसन गरिएको छ।

युरोलोजी सेवाअन्तर्गत पिसाबसम्बन्धी सबै, प्रोष्टेड र मिर्गौलामा भएको पत्थरी, पिसाबको नली, पित्तथैलीको पत्थरी, अण्डकोषमा मासु पलाएको, सुन्निएको, पिसाब पोल्ने, चुहिनेलगायतका विभिन्न सेवा बिरामीले प्राप्त गर्नसक्ने डा. खनियाँले बताए । अस्पतालमा युरोलोजी सेवा लिनेहरुको संख्या दिनप्रतिदिन बढ्दै गएको उनले बताए । प्रतिष्ठानका निमित्त अस्पताल निर्देशक प्राडा जनार्दन पन्थिले युरोलोजी सेवा अहिले धेरै नै प्रभावकारी भएको जनाउँदै स्थानीयस्तरमै सहजरुपमा विशेषज्ञ सेवा प्राप्त गर्न पाउँदा बिरामिहरुले खुसी व्यक्त गर्ने गरेको बताए । खनियाँ राप्ती प्रादेशीक अस्पतालमा धेरै समयदेखि युरोलोजी सेवा दिएका थिए। उनी लामो समयदेखि युरोलोजी सेवा दिएको अनुभवी चिकित्सक हुन्।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही



विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com